मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक १४१ ● २०८२ साल चैत्र २६ गते बिहीबार ● Thursday 09, April 2026 ● सूर्योदयः बिहान ०५:५३ बजे ● सूर्यास्तः साँझ ०६:२३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## कर्मचारी कुटपिटको आरोपमा मेयरविरुद्ध उजुरी दर्ता

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको धनुषाधाम नगरपालिकामा कार्यरत सहलेखापाल सुरेशकुमार मण्डलले नगर प्रमुख बालेश्वर मण्डलविरुद्ध कुटपिट तथा दुव्र्यवहारको गम्भीर आरोप लगाएका छन् । घटनाबारे उनले जिल्ला प्रशासन कार्यालय धनुषामा औपचारिक उजुरी दर्ता गराएका छन्।
उजुरीमा उनले नगर प्रमुखले आफूलाई कार्यकक्षमा बोलाएर मोबाइल खोसेर हातपात गरेको उल्लेख गरेका छन् । घटनापछि ज्यान जोगाउन कार्यालयबाट बाहिरिनुपरेको उनको दाबी छ।
मण्डलका अनुसार लेखा अधिकृतको सरुवापछि आफूले मंसिर २८ गते आवश्यक

***बाँकी पृष्ठ ३ मा***

## मन्दिरका महन्थ नै बैंकिङ कसुरमा पक्राउ





**मधेशदृष्टि**
**जनकपुरधाम।**
मन्दिरका महन्थ पनि आर्थिक कारोबारमा जोडिन्छन् ? त्यो करोडको कारोबारमा ? अनि सांसदको पैसा पनि नतिरी जोगिन सकिन्छ भन्ने हुन्छ ? महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मन्दिरका मानमहन्थ जगन्नाथ दास वैष्णव पक्राउ परेपछि यस्तै प्रश्नहरु उब्जिएका छन् । बैंकिङ कसुर मुद्दामा दासलाई महोत्तरी प्रहरीले पक्राउ गरेको छ । लामो समयदेखि फरार रहेका उनलाई महोत्तरीको मटिहानीबाट पक्राउ गरिएको हो। उनलाई नेकपा एमालेका मधेश प्रदेश सभा सदस्य दीपेन्द्र ठाकुरको जाहेरीपछि पक्राउ गरिएको स्रोतको भनाइ छ।। वैष्णवलाई एक करोड तीस लाख बिगो मुद्दामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विश्वम्भरप्रसाद साहले जानकारी दिए । पक्राउ परेका वैष्णवलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय धनुषा पठाइएको छ। उनीविरुद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भएको थियो । उनीहरुबीच के प्रायोजनको लागि रकम लेनदेन भएको भन्ने विषय खुलेको छैन।
यसअघि पनि महन्थ वैष्णवीले रुपन्देहीका सहायक सिडियोको किर्ते हस्ताक्षर गरी ७० लाख रुपैयाँ निकालेको आरोपमा पक्राउ परेका थिए।

## सार्वभौमसत्ता प्रतिकूल हुनेगरी संविधान संशोधन नगरिने

*नेपालको संविधानको धारा २७४ ले संशोधनसम्बन्धी स्पष्ट प्रावधान अनुसार, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता तथा जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुनेगरी संविधान संशोधन गर्न सकिदैँन ।*
*– **असिम साह**, संयोजक, कार्यदल*



काठमाडौँ।
संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदलको पहिलो बैठक बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छ । प्रधानमन्त्री बालेन्द्र शाहका राजनीतिक सल्लाहकार एवम् कार्यदल संयोजक प्रमुख असिम साहको अध्यक्षतामा बसेको बैठकले संविधान संशोधन बहसपत्र तयार गर्न कार्यदल गठन गरेकामा नेपाल सरकारलाई धन्यवाद दिने निर्णय गरेको छ।
बैठकमा उठेका विषयहरू र राजनीतिक दलहरूको लिखित धारणा सङ्कलन गरी संविधान संशोधनका मुद्दा पहिचान गर्ने र कार्यदलको आगामी कार्ययोजना तयार गरी प्रस्तुत गर्ने जिम्मा सदस्य सचिव सुवेदीलाई दिइएको छ।
कार्यदलले संविधान संशोधनसम्बन्धी विषयलाई बृहत् रूपमा अघि बढाउने लक्ष्य राखेको संयोजक साहले जानकारी दिए । उनले संविधान संशोधन प्रक्रिया राष्ट्रिय सहमति, सहभागिता र तथ्यमा आधारित हुने बताए।
संयोजक साहले नेपालको संविधानको धारा २७४ ले संशोधनसम्बन्धी स्पष्ट प्रावधान गरेको उल्लेख गर्दै सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता तथा जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुनेगरी संविधान संशोधन गर्न नसकिने संवैधानिक व्यवस्था रहेको स्पष्ट पारे।
साहले मन्त्रिपरिषद्को चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीअन्तर्गत संविधान संशोधनका विषयमा राष्ट्रिय सहमति निर्माण गर्न बहसपत्र तयार गर्ने निर्णय भएको स्मरणसमेत गराए । सोही निर्णयअनुसार चैत १६ गते उनको नेतृत्वमा कार्यदल गठन गरिएको थियो।
संयोजक साहका अनुसार संविधान संशोधनलाई सैद्धान्तिक र व्यावहारिक रूपमा अघि बढाउन सबै राजनीतिक दलको सहभागिता सुनिश्चित गरिएको छ । निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक प्रतिनिधित्व, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार तथा प्रदेश संरचनाको सुधारजस्ता विषयमा व्यापक छलफल गरी अघि बढ्ने उनको भनाइ छ।
प्रधानमन्त्रीका तर्फबाट सबै राजनीतिक दल तथा नागरिकलाई विश्वास दिलाउँदै सरकार सबै पक्षसँग संवाद गरेर सहमतिका आधारमा अघि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरे। बैठकमा सहभागी सबैपक्षले खुला रूपमा बहस गर्दै जिम्मेवारीलाई तार्किक निष्कर्षमा पु¥याउने विश्वास आफूले लिएको साहले बताए।
बैठकमा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।
राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधिसभा सदस्य मोहन आचार्य, नेकपा (एमाले) बाट डा. भीष्म अधिकारी, नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट पूर्वकानूनमन्त्री देवप्रसाद गुरुङ, श्रम संस्कृति पार्टीबाट ध्रुवराज राई, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ज्ञानेन्द्र शाही, जनता समाजवादी पार्टी नेपालबाट डा. सुरेन्द्रकुमार झा, लोकतान्त्रिक समाजवादी पार्टीबाट डा. आभास लाभ र राष्ट्रिय जनमोर्चाबाट दुर्गा पौडेल बैठकमा सहभागी थिए।
त्यसैगरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव पुष्कर सापकोटा र नेपाल कानून आयोगका सचिव इन्दिरा दाहालको पनि उपस्थिति थियो । रास्वपाका आचार्यले संविधानका दोहोरिएका बाझिएका विषय हटाउनुपर्ने राय व्यक्त गरे । उनले संविधानलाई लचक बनाएर सुधार गर्नुपर्ने, प्रत्यक्ष कार्यकारी, पूर्ण समानुपातिक प्रणालीजस्ता एजेन्डामा छलफल गर्न तयार गर्ने विचार व्यक्त गरे।
एमालेका डा. अधिकारीले पार्टीभित्र पर्याप्त छलफल नभएकाले हतार नगर्न आग्रह गरे । उनले अन्तरराष्ट्रिय अभ्यास अध्ययन आवश्यकता र विज्ञ एवम् सरोकारवालासँग व्यापक छलफल गर्नुपर्ने बताए।
नेकपा नेता गुरुङले सहमति भएका वा नभएका दुवै विषय बहसमा ल्याउनुपर्ने र संवैधानिक प्रक्रिया पूरा गरेर मात्र संशोधन अघि बढाउन सुझाव प्रस्तुत गरे । उनले विज्ञ, न्यायाधीश, कानूनविद् समावेश गर्नुपर्नेमा जोड दिए।
श्रम संस्कृति पार्टीका राईले संशोधनलाई अर्थतन्त्रसँग जोडेर हेर्नुपर्ने र जनतासँग प्रत्यक्ष सम्बन्धित विषय प्राथमिकता दिए। राप्रपाका शाहीले हिन्दू राज्य, राजतन्त्र, प्रदेश संरचनाजस्ता विषय छलफलमा ल्याउनुपर्ने र राष्ट्रियताका विषयमा गम्भीर बहस आवश्यकता औँल्याए । जसपा नेपालका डा. झाले हतार नगरी गम्भीर रूपमा अघि बढ्नुपर्ने राय राख्दै विज्ञ, नागरिक समाज, विभिन्न समूहसँग छलफल आवश्यकता औँल्याए।
लोसपाका डा. लाभले संशोधनले मौलिक हक कार्यान्वयनयोग्य बनाउनुपर्ने र मधेश आन्दोलनका मुद्दा समेट्नुपर्ने धारणा राखे । त्यसका लागि निष्पक्ष विज्ञ टोली बनाएर समस्या पहिचान गर्नुपर्ने उनको भनाइ थियो । राष्ट्रिय जनमोर्चाका पौडेलले दीर्घकालीन प्रभाव हेरेर संशोधन गर्नुपर्ने बताए। उनले प्रदेश खारेज गरी दुई तहको सङ्घीयता प्रस्तावका विषयमा राय व्यक्त गरे।

## मधेशमा सिँचाई संकट‘खेत खेतमा पानी’ नारामै सीमित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
देशभर सिँचाइ दिवस मनाइरहँदा मधेश प्रदेशमा भने सिँचाइको अवस्था अझै सन्तोषजनक बन्न सकेको छैन । प्रदेश सरकारले ‘खेत–खेतमा पानी’ भन्ने महत्वाकांक्षी नारा अघि सारे पनि किसानहरूले त्यसको प्रत्यक्ष लाभ महसुस गर्न पाएका छैनन्।
उपलब्ध तथ्यांक अनुसार मधेशमा करिब ६ लाख २ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये केवल ४९ प्रतिशत क्षेत्रमै सिँचाइ सुविधा पुगेको छ । यसले कृषि उत्पादन अझै पनि वर्षामा निर्भर रहेको स्पष्ट पार्छ। वर्षेनी घट्दो वर्षा र भूमिगत पानीको अव्यवस्थित प्रयोगले किसानको उत्पादन जोखिममा परिरहेको छ।
सरकारले समस्या समाधानका लागि डीप बोरिङ्ग र पावर ड्रिल ट्यूबवेलजस्ता संरचनामा ठूलो लगानी गरेको भए पनि ती संरचना प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् । महोत्तरीको मनरा शिस्वा नगरपालिका–१० सकरीमा झण्डै ९५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको डीप बोरिङ्ग अझै सञ्चालनमा आउन सकेको छैन । त्यस्तै जनकपुरधामको लोहनामा सय बिघाभन्दा बढि जग्गामा सिचिंत गर्ने उदेश्यका साथ एक करोड ६० लाखभन्दा बढि रकम खर्चेर दुई वटा डिप बोर्डिङ्ग गाडिएको छ । खेतमा सिँचाइ सुबिधाका लागि ५ बर्षअघि बोरिङ गाडिए पनि किसानहरुले भने अहिलेसम्म आबश्यक प्रतिफल प्राप्त गर्न सकेको छैन।
विद्युत् जडान, मर्मत र व्यवस्थापनको अभावका कारण तयार संरचनाबाट समेत किसान लाभान्वित हुन सकेका छैनन् । जिल्लागत रूपमा हेर्दा महोत्तरीमा ३३ र धनुषामा २२ गरी ५५ वटा डीप बोरिङ जडान गरिए पनि धेरैजसो प्रयोगविहीन छन्। त्यस्तै, महोत्तरीमा ४३ र धनुषामा १ सय २३ गरी कुल २ सय १६ पावर ड्रिल ट्यूबवेल जडान गरिएकोमध्ये १ सय १० वटा अझै सञ्चालनमा आउन सकेका छैनन्।
भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय महोत्तरीका निमित्त प्रमुख अमलेश यादवका अनुसार बजेट अभाव, ट्रान्सफर्मर चोरी, अनियमित विद्युत् आपूर्ति तथा प्राविधिक व्यवस्थापनको कमजोरीले धेरै आयोजना सञ्चालनमा आउन नसकेका हुन् । उनका अनुसार संरचना निर्माण मात्र पर्याप्त नभई त्यसको दीगो सञ्चालन र व्यवस्थापन पनि उत्तिकै आवश्यक हुन्छ। प्रदेश सरकारले सिँचाइ पहुँच विस्तारका लागि स्यालो ट्यूबवेल वितरण कार्यक्रम पनि अघि बढाएको छ। गत आर्थिक वर्षमा पर्सामा ४ सय ५, रौतहटमा ३ सय १२, बारामा ३ सय ४, धनुषामा ३ सय, सप्तरीमा २ सय ३२, सिरहामा २ सय ९, महोत्तरीमा २ सय ५ र सर्लाहीमा १ सय ५४ किसानलाई स्यालो ट्यूबवेल उपलब्ध गराइएको थियो। चालु वर्षमा पनि वितरण जारी रहेको जनाइएको छ। यद्यपि, यो कार्यक्रमले सीमित किसानलाई मात्र राहत दिएको छ र दीर्घकालीन समाधान दिन सकेको छैन।
स्थानीय किसानहरू भने सरकारी योजनाप्रति निराश छन् । ठूलो लगानीका संरचना प्रयोगमा नआउँदा उनीहरू अझै पनि आकाशे पानीकै भरमा खेती गर्न बाध्य छन् । किसानहरूको गुनासो छ—नारा धेरै सुनिन्छ, तर खेतमा पानी पुग्दैन।
सिँचाइ अभावका कारण धान, गहुँ, मकैजस्ता मुख्य बालीको उत्पादनमा प्रत्यक्ष असर परेको छ। समयमै पानी नपुग्दा रोपाइँ ढिलो हुने, उत्पादन घट्ने र लागत बढ्ने समस्या बढ्दो छ। यसले प्रदेशको खाद्य सुरक्षामा समेत चुनौती थपिएको कृषि विज्ञहरूको भनाइ छ।
कृषि प्रधान क्षेत्र मधेशमा सिँचाइ प्रणाली प्रभावकारी बन्न नसक्नु दीर्घकालीन आर्थिक जोखिमको संकेत मानिएको छ । समस्या समाधानका लागि संरचना निर्माण मात्र होइन, दिगो व्यवस्थापन, नियमित मर्मत, विश्वसनीय विद्युत् आपूर्ति र स्थानीय तहको सक्रिय सहभागिता अनिवार्य देखिन्छ। साथै, सामुदायिक व्यवस्थापन प्रणाली, सौर्य ऊर्जामा आधारित सिँचाइ तथा प्रविधिमैत्री उपायहरू अपनाउन सके मात्र मधेशको सिँचाइ संकट समाधानतर्फ अग्रसर हुन सक्ने विज्ञहरू बताउँछन्।




## क्रियाशील सदस्यता अद्यावधिक गराउन थापाको आह्वान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीका नेता तथा कार्यकर्तालाई क्रियाशील सदस्यता अद्यावधिक प्रक्रियामा सक्रिय हुन आग्रह गरेका छन् । मधेशको राजधानी जनकपुरधाममा आयोजित निर्वाचन समीक्षा कार्यक्रममा बोल्दै उनले सदस्यता नवीकरणलाई अनिवार्य रूपमा लिनुपर्ने बताएका हुन् ।सभापति थापाले केन्द्रीय समिति बैठकबाट पुराना सबै क्रियाशील सदस्यता खारेज भइसकेको जानकारी दिँदै नयाँ प्रक्रियामार्फत अद्यावधिक गरेपछि मात्रै सदस्यता कायम रहने स्पष्ट पारे। उनले आफूले नै सबैभन्दा पहिले आवेदन दिएर प्रक्रिया सुरु गर्ने बताए।
उनले संख्याभन्दा गुणस्तरलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै आवश्यक परे १० लाखबाट घटेर १ लाख सदस्य मात्र भए पनि सुदृढ संगठन निर्माण गर्न सकिने धारणा राखे। वैशाख १ गतेदेखि सुरु हुने नवीकरण अभियानमा सबैलाई सहभागी हुन उनले आह्वान गरे । साथै, पार्टीका पदाधिकारीहरूले समेत अनिवार्य रूपमा सदस्यता अद्यावधिक गर्नुपर्ने उनले जोड दिए।
कार्यक्रममा बोल्दै थापाले प्रविधिको प्रयोगमार्फत कांग्रेसविरुद्ध भ्रम फैलाउने प्रयास भइरहेको आरोप पनि लगाए।
उनले पार्टीलाई नयाँ ढाँचामा अघि बढाउने तयारी भइरहेको उल्लेख गर्दै अब २१ देखि ३० वर्ष उमेर समूहका युवालाई नेतृत्वमा ल्याइने बताए।
कांग्रेस पुनः रूपान्तरणको दिशामा अघि बढ्दै प्रभावशाली उपस्थिति देखाउने विश्वास व्यक्त गर्दै उनले कार्यकर्तालाई एकजुट भएर पार्टी सुदृढीकरणमा लाग्न आग्रह गरे।

# गण्डकी प्रदेशका ६७ प्रतिशत परिवार स्वास्थ्य बीमामा आबद्ध

**गण्डकी।**
गण्डकी प्रदेशमा हालसम्म चार लाख ४४ हजार ७७६ परिवार स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएका छन्। जुन प्रदेशको कुल परिवार संख्यामध्ये ६७ दशमलव ०१ प्रतिशत हो । स्वास्थ्य बीमा बोर्ड प्रदेश कार्यालयको पछिल्लो आँकडाअनुसार गण्डकीमा १३ लाख ५६ हजार ६९८ जनाको स्वास्थ्य बीमा भएको छ । जनसङ्ख्याका आधारमा कुल बीमित ५५ प्रतिशत पुगेको बोर्डका प्रदेश संयोजक जीवलाल खरेलले जानकारी दिए । कुल बीमितमध्ये सेवा लिनेको संख्या सात लाख ३८ हजार २३२ अर्थात् ५४ दशमलव ०४ प्रतिशत रहेको छ । बीमा नवीकरण गर्ने परिवारको संख्या तीन लाख ३५ हजार ५०५ रहेको छ । पचहत्तर प्रतिशत परिवारले बीमा नवीकरण गरेको पाइएको छ।

स्वास्थ्य बीमाका लागि प्रदेशभर ७२५ जना दर्ता सहयोगी सक्रिय रहेको संयोजक खरेलले बताउनुभयो । बीमाको योगदान रकमबाट आर्थिक वर्ष २०८१/८२ मा ५६ करोड ७६ लाख ६८ हजार १०० सङ्कलन भएको उनको भनाइ छ।

एक लाख ६१ हजार ९३५ जना ज्येष्ठ नागरिक, दुई हजार ३११ एचआइभी सङ्क्रमितको परिवार, अतिअशक्त अपाङ्गता भएका पाँच हजार ६३० परिवार, कुष्ठरोग सङ्क्रमितका ९० परिवार, क्षयरोग सङ्क्रमितका ५७ परिवार र चार हजार ६४२ महिला स्वास्थ्य स्वयंसेविकाका परिवार स्वास्थ्य बीमामा आबद्ध भएका छन्। प्रदेशका ४७ स्थानीय तहमा स्वास्थ्य बीमासँग सूचिकृत भएका सेवा प्रदायक÷अस्पताल रहेका छन् । सरकारी ५६ वटा, निजी चार र सामुदायिक एक गरी कुल ६१ वटा सेवा प्रदायक संस्था सूचीकृत छन् । गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयको अनुदान सहयोगमा आव २०८१/८२ मा सात हजार ६१ जनाको बीमा गरिएको संयोजक खरेलले बताए। जसमा अपाङ्गता भएकाका परिवार पाँच हजार ९४६, मिर्गौलापीडित बिरामीका परिवार ४३१, द्वन्द्वपीडित ३८२, जनआन्दोलनका घाइते २८ जना, सहिद तथा बेपत्ता परिवारका ६३ जना र कास्कीमा क्रियाशील २११ जना पत्रकारको स्वास्थ्य बीमा गरिएको हो । सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत २०७३ साल असारमा गण्डकीमा पहिलोपटक बागलुङबाट स्वास्थ्य बीमा सुरु भएको थियो । अहिले प्रदेशका ११ वटै जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम लागू भएको छ । स्वास्थ्य बीमा बोर्डले बीमितलाई स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेशभित्र ६१ वटा अस्पताल तोकेको छ। रासस

# सन्दर्भ सिँचाइ दिवसः चितवनको ३८ प्रतिशत जमिन सिँचाइविहीन



**चितवन।**
जिल्लामा खेती भइरहेको ३८ दशमलव २ प्रतिशत जमिनमा अझै सिँचाइ पुग्न सकेको छैन। जिल्लामा खेतीयोग्य जमिन ४८ हजार ६९४ हेक्टर रहेको छ । कृषि विकास कार्यालय चितवनकी सूचना अधिकारी बिन्दु पौडेलका अनुसार खेतीयोग्य जमिनमध्ये ४२ हजार ५५० हेक्टरमा खेती भइरहेको छ । खेती भइरहेको जमिनको ६१ दशमलव ८ प्रतिशत क्षेत्रफल मात्र सिँचाइ सुविधा पुगेको छ। खेती हुँदै आएको जमिनमध्ये २६ हजार ३०८ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको उनले बताए।

सिँचाइ डिभिजन कार्यालय चितवनका अनुसार गत वर्षको तुलनामा यस वर्ष सिञ्चित क्षेत्रफल बढेको छ । कार्यालयको तथ्याङ्कअनुसार गत आर्थिक वर्षसम्म २२ हजार ६३० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा रहेकामा यसवर्ष थप क्षेत्रफलमा वृद्धि भएको हो । नारायणी लिफ्ट तथा खडेरी सिँचाइबाट भरतपुर र पश्चिम क्षेत्रमा हुने गरेको कृषियोग्य जमिनको क्षेत्रफल भने घटेको छ । नहरहरु मासिँदा सिञ्चित क्षेत्रफल घटेको हो।

नारायणी लिफ्ट, खगेरी सिँचाइ व्यवस्थापन कार्यालयका अनुसार यो आयोजनाबाट हुने सिँचाइमध्ये ३८ प्रतिशत क्षेत्रफल घटेको छ । मुख्यगरी नारायणी लिफ्ट सिँचाइ प्रणालीको नहर प्रणालीका अधिकांश शाखा नहर मासिँदा सिँचाइको क्षेत्रफल घट्न गएको कार्यालयका प्रमुख कुलप्रसाद चालिसेले जानकारी दिए।

उनका अनुसार यी नहरका सिएल एकदेखि पाँचसम्मका शाखा नहर मासिएका छन् । जुन भरतपुर महानगरपालिकाको वडा नं १०, ११ र १२ मा पर्दछन् । उनले भने, मुख्यगरी बाइपास क्षेत्र हुँदै विभिन्न ठाउँमा सिँचाइको व्यवस्था हुने शाखा नहर मासिएका छन्।

नारायणी लिफ्टले चार हजार ७०० हेक्टर क्षेत्रफलमा सिँचाइ गर्नसक्ने भए पनि हाल यो दुई हजार ९०६ दशमलव पाँच हेक्टरमा सिँचाइ हुँदै आएको छ । एक हजार ७९३ दशमलव पाँच हेक्टर सिञ्चित क्षेत्रफल घटेको उनले बताए।

नहर बग्ने क्षेत्रमा सडक, भौतिक पूर्वाधार, पार्क निर्माण हुँदा सिञ्चित क्षेत्रफल घटेको उनले बताए । नहर मासिँदा सिँचाइको समस्यासँगै सहरको सौन्दर्यतामा समस्या पर्न गएको उनले जानकारी दिए । नारायणी लिफ्ट सिँचाइ प्रणालीका अध्यक्ष पूर्णबहादुर रानाभाटले खेती गर्नेले नै खेती गर्न छोडेर नहरमा सडक बनाउन थालेपछि यहाँको सिञ्चित क्षेत्रफल घटेको हो। रासस

# कालिका नगरपालिका र फेयरफ्याक्स सिटीबीच सहकार्यको प्रस्ताव



**चितवन।**
चितवनको कालिका नगरपालिकाले अमेरिकाको भर्जिनियास्थित फेयरफ्याक्स सिटीसँग जिपिएस प्रणालीमार्फत घर नम्बर राख्ने तथा फोहर व्यवस्थापन, स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा सहकार्यको प्रस्ताव गरेको छ।

हाल अमेरिका भ्रमणमा रहेका कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले फेयरफ्याक्स सिटीकी मेयर क्याथरीन रिडसँग उक्त प्रस्ताव प्रस्तुत गरेका हुन् । सो क्रममा दुवै पालिकाबीच दिगो सम्बन्ध विस्तार गर्दै जाने सहमति गरिएको प्रमुख रेग्मीले जानकारी दिए।

सो क्रममा प्रमुख रेग्मीले फेयरफ्याक्स सिटीको टेक्नोलोजी र उच्चतम विकासका ढाँचाबारेमा जानकारी लिँदै अनुभव आदानप्रदान गरिएको पनि बताए।

प्रमुख रेग्मीले भने, कालिका नगरपालिकामा कार्यान्वयन हुँदै गरेको घर नम्बरको जिपिएस प्रणालीका साथै फोहर व्यवस्थापन, स्वास्थ, शिक्षा, पुर्वाधार निर्माणलगायतका कार्यक्रमहरूमा सहकार्य गर्न प्रस्ताव गरेको छु, सो सम्बन्धमा सकारात्मक जवाफ प्राप्त भएको छ, निकट भविष्यमा सहकार्य हुने विश्वास लिएको छु।

साथै आगामी दिनहरूमा दुवै पालिका बीच सहकार्य गर्दै दिगो सम्बन्ध विस्तार गर्ने सहमति भएको पनि उनले बताए।

सो क्रममा मेयर क्याथरीनले उपयुक्त समय मिलाएर आफू टिमसँगै नेपाल आउने प्रतिबद्धता जनाएका छन् । कार्यक्रमको सहजीकरण प्राडा रामहरि सुवेदीले गरेका थिए। रासस

# राष्ट्रियसभाको पौने २ घण्टाः सरकारका कामको प्रशंसादेखि खबरदारीसम्म



**काठमाडौँ।**
सङ्घीय संसद् राष्ट्रियसभा अन्तर्गतका चारवटै विषयगत समितिले आ–आफ्नो नेतृत्व पाएका छन् । उक्त सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सहमतिमा मङ्गलबार चारवटै संसदीय समितिका सभापति निर्विरोध भएका थिए।

निर्विरोध निर्वाचित हुनेमा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति पूजा चौधरी, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति जयन्तीदेवी राई, विकास, आर्थिक मालिमा तथा सुशासन समितिका सभापति कृष्णप्रसाद पौडेल र विधायन व्यवस्थापन समितिका सभापति कृष्णबहादुर रोकाया छन्।

सङ्घीय संसद् सचिवालयमा आज आयोजित कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले उनीहरूलाई शपथ गराए । शपथलगत्तै उनीहरूले आ–आफ्नो समितिमा पुगेर पदबहाली गरे । पदबहाली गर्ने क्रममा समिति कार्य क्षेत्रभित्र रही देश र जनताका हितका लागि कानून निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेर काम गर्ने उनीहरूले प्रतिबद्धता जनाए।

समाजका विभिन्न क्षेत्र र समुदायबाट प्रतिनिधित्व रहने ५९ सदस्यीय उक्त सभामा हाल पुरुष ३५ र महिला २२ जना सदस्य छन् । राष्ट्रियसभामा हाल नेपाली कांग्रेसका २४, नेपाली कम्युनिष्ट पार्टीका १७, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का १०, जनता समाजवादी पार्टी नेपालका दुई, मनोनित दुई, राष्ट्रिय जनमोर्चा र लोकतान्त्रिक समाजवादी पार्टीका एक÷एक सदस्य छन्।

समाजका विभिन्न क्षेत्रका विज्ञ, अनुभवी र परिपक्व व्यक्तिहरूको सहभागिता रहने यस सभालाई संविधानले राष्ट्रियसभालाई स्थायी व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । सीमान्तकृत, लोपन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतन्त्रको सुदृढीकरणका लागि यो सभाले विशिष्ट योगदान दिँदै आएको छ।

यसैबीच, राष्ट्रियसभाको आजको बैठकमा भाग लिने सदस्यहरूले राष्ट्रिय हितका लागि दलबीच मेलमिलाप, सहमति र सहकार्यको आवश्यकता औँल्याए । बैठकको विशेष समयमा सदस्यहरूले सबै राजनीतिक दल र नेताले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितमा लाग्नुपर्नेमा जोड दिए । सदस्यहरूले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र दिने निर्णय सच्याउन, जेनजी आन्दोलनको घटनाका दोषीलाई कारबाहीको दायरामा ल्याउन, एसियामा भएको द्वन्द्वले मुलुकमा महँगी बढेको र जनजीवन प्रभावित भएकाले त्यसतर्फ ध्यान पु¥याउन, भ्रष्टाचार नियन्त्रण, बढ्दो आयात र महँगी नियन्त्रण गर्न माग गरे।

उनीहरूले रुग्ण तथा बन्द उद्योगको सञ्चालन, सन्तुलित परराष्ट्र नीति, सामाजिक न्याय कायम, जनताको हितअनुसार संविधान संशोधनका लागि आवश्यक पहल सरकारलाई सुझाव दिए । राष्ट्रियसभामा प्रतिपक्षी दलहरूको मात्रै उपस्थित भए पनि मन्त्रिमण्डलको समावेशी चरित्र, सरकारको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीलगायत वर्तमान सरकारका कतिपय सुरुआती प्रयासबारे प्रशंसा भएको थियो । उनीहरूले जनतासामु गरिएको प्रतिबद्धता अनुरूप लोकतन्त्र र सुशासन प्रवद्र्धनको अभियानलाई ठिक ढङ्गले नबढाएमा आफूहरूले त्यसको खबरदारी गर्ने बताए।

विशेष समयमा नेपाली कांग्रेसका सुनिलबहादुर थापा, नारायणदत्त भट्ट, विष्णुकुमारी सापकोटा र खम्बबहादुर खाती, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का जयन्तीदेवी राई, सुरेश आले मगर, भुवनबहादुर सुनार, नेकपा (एमाले)का सांसद सम्झना देवकोटा, मीनासिंह रखाल र रोश्नी मेचे, जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिद, राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले वक्ताका रूपमा भाग लिए। यसअघि बैठकको शून्य समयमा भाग लिने सदस्यहरूले मध्यपूर्व एशियाको द्वन्द्वका कारण पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनताको दैनिकीमा परेको प्रभावबारे सदनमार्फत सरकारको ध्यानाकर्षण गराउँदै खाद्यान्नमा आत्मनिर्भर र कृषि क्षेत्रमा लगानी अभिवृद्धिका लागि सुझाव दिए । उनीहरूले भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवद्र्धन, बलात्कार र हिंसाका घटनामा दोषी देखिएमाथि कडा कारबाही गर्न तथा पीडितलाई तत्काल न्याय दिन सरकारसँग माग गरे।

बैठकमा भाग लिने सदस्यहरूले खेतीबालीका लागि समयमै मल, बीउ र अन्य आवश्यक सामग्रीको व्यवस्था गर्न र कृषि बालीमा हानी पु¥याउने वन्यजन्तुको व्यवस्थापन गर्न, कर्णालीका विषय अब बजेट र भाषणमा होइन योजना कार्यान्वयनमा ल्याउन तथा संविधानको प्रभावकारी कार्यान्वयन गरी विशेष कार्यक्रम घोषणा गर्न माग गरे। वर्डफ्लुका कारण कुखुरापालक किसान मर्कामा परेको जनाउँदै सांसदहरूले किसानलाई क्षतिपूर्ति र राहत उपलब्ध गराउन सरकारसँग आग्रह गरे। शून्य समयमा सदस्यहरू धर्मेन्द्र पासवान, गीता देवकोटा, मिनासिंह रखाल, रेखाकुमारी झा, ललितजङ्ग शाही, सोमनाथ पोर्तेलले भाग लिए।

सभाको कार्यसूचीअनुसार प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेस गरे।

अध्यक्ष दाहालको अध्यक्षतामा करिब एक घण्टा ४५ मिनेट सञ्चालन भएको राष्ट्रियसभा बैठकमा सरकारका प्रतिनिधिका रूपमा मन्त्री रावल र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादी उपस्थित थिए। करिब एक घण्टा नवनिर्वाचित उपाध्यक्ष लीलाकुमारी भण्डारीले बैठक सञ्चालन गरे । त्यसअघि बैठकमा राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को मर्यादामा हेरफेरसम्बन्धी पत्र वाचन गरेर सुनाए । राष्ट्रियसभाको अर्को बैठक यही चैत २७ गते शुक्रबार अपराह्न ४:१५ बस्नेछ। रासस

# पोखरा–मुग्लिन सडकः पश्चिम खण्डमा १२ पुल निर्माण सम्पन्न



**गण्डकी।**
पोखरा–मुग्लिन सडक आयोजनाको पश्चिम खण्डमा १२ वटा पुल निर्माण सम्पन्न भएको छ । पोखराको सेती पुल भने निर्माणाधीन छ।

उक्त पुलको भौतिक प्रगति ५८।३७ प्रतिशत पुगेको आयोजनाको पश्चिम खण्डका प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिए। आकर्षक डिजाइनमा बन्ने उक्त सिग्नेचर पुल रसुवा कन्स्ट्रक्सनले निर्माण गरिरहेको छ । 'केबल–स्टेड' प्रविधिको उक्त पुलमा जग र टावर निर्माण पूरा भइसकेको प्रमुख कुँवरले बताए।

गत भदौमा तीनवर्षे ठेक्का अवधि सकिएपछि पुल निर्माणका लागि आगामी वैशाखसम्म म्याद थप भएको छ । पोखरा–मुग्लिन सडकको पश्चिम खण्डअन्तर्गत तनहुँको म्याग्देखोला, कुम्लेखोला, ठाडेखोला, सम्धीखोला, मूलखोला, फेदीखोला–१, फेदीखोला–२, रुदीखोला, हलेदीखोला, कालीखोला, कास्कीको कोत्रेखोला र विजयपुर खोलामा पुल निर्माण सकिएको हो।

पचास वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको पोखरा–मुग्लिन सडक विसं २०७८ वैशाखदेखि विस्तार तथा स्तरोन्नति सुरु गरिएको थियो । गण्डकी प्रदेशको 'लाइफलाइन'का रुपमा रहेको उक्त सडकको पूर्वी खण्ड (जामुने–मुग्लिन)को काम सकिएको छ । कास्कीको सेती पुलदेखि तनहुँको जामुने जोड्ने पश्चिम खण्डमा पनि सडक विस्तार तथा स्तरोन्नति अन्तिम चरणमा पुगेको छ।

पश्चिम खण्डका प्रमुख कुँवरका अनुसार सडकतर्फको भौतिक प्रगति ७७।४७ प्रतिशत र वित्तिय प्रगति ६२।२० प्रतिशत पुगेको छ। कुल ३८।७१ किमी दूरीको उक्त खण्डमा हालसम्म ३७।२८ किमीमा दोस्रो चरणको कालोपत्र भइसकेको छ। कुल ३६।३२ किमिको सर्भिस लेनमा हालसम्म १७।६६ किमी कालोपत्र भइसकेको छ। रासस

# सैनिक कल्याणकारी कोषबाट सहुलियतपूर्ण कर्जाको चेक हस्तान्तरण

**तनहुँ ।**
नेपाली सेनाले सञ्चालन गर्दै आएको सैनिक कल्याणकारी कोषबाट व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जाको चेक हस्तान्तरण गरिएको छ । तनहुँको खैरेनीटारस्थित श्री नं ३ बाहिनी अड्डामा बुधबार आयोजित भुपू सैनिक सम्मेलनका क्रममा व्यवसाय सञ्चालनका लागि सिरास्मा श्रेष्ठलाई २० लाखको चेक हस्तान्तरण गरिएको हो । सोही अवसरमा सुष्मा किराना पसल सञ्चालनका लागि १५ लाखको चेक प्रदान गरिएको छ ।

प्रधानसेनापति अशोकराज सिग्देल र सैनिक कल्याणकारी कोषका प्रमुख कार्यकारी अधिकृत हिरालाल जोशीले श्रेष्ठलाई उक्त चेक हस्तान्तरण गरेका हुन ।

यस्तै, नेपाली सेनाबाट अवकाश प्राप्त सैनिक तथा आश्रित परिवार एवं बहालवाला परिवारको जीवनस्तर उत्थानका लागि कल्याणकारी बोर्ड र नेपाल इन्भेष्टमेन्ट मेघा बैंकबीच भएको समझदारी एवं सहकार्यमा सञ्चालित सहुलियतपूर्ण कर्जा कार्यक्रममा सहभागी भई लिएको कर्जाबाट स्याङ्जाको बिरुवा गाउँपालिका–५ का शोभाकान्त पौडेलले सञ्चालन गरेको लगनशील कृषि फर्म उद्यम व्यवसाय सर्वोत्कृष्ट भएबापत उनलाई प्रशंसापत्र प्रदान गरिएको थियो । सोही अवसरमा सैनिक कल्याणकारी कोषको हिताधिकारीहरूमध्ये लमजुङको मध्यनेपाल नगरपालिका–९ का लक्ष्मनबहादुर रानाभाटले सञ्चालन गरेको रानाभाट बाख्रा फार्म उद्यम व्यवसाय उत्कृष्ट घोषित भएकामा उनलाई प्रशंसापत्र प्रदान गरिएको छ । रासस

# लोप हुँदै थारू समुदायको ‘घाटो’ पर्व परम्परा जोगाउन चुनौती



**मधेशदृष्टि**
**वीरगंज ।**
आदिवासी जनजाति थारू समुदायले परम्परादेखि मनाउँदै आएको ‘घाटो’ पर्व अहिले विस्तारै लोप हुने अवस्थामा पुगेको छ । चैत महिनाको शुक्लपक्षमा पर्ने यो महत्वपूर्ण सांस्कृतिक उत्सव संरक्षणको अभाव र आधुनिक जीवनशैलीको प्रभावका कारण समुदायभित्रै कमजोर बन्दै गएको हो ।

यस पर्वमा थारू युवतीहरूले असल जीवनसाथी प्राप्तिको कामनासहित माता गौरी (पार्वती) को विशेष पूजा गर्ने परम्परा रहँदै आएको छ । उनीहरूले माटोबाट माता गौरीको प्रतिमा निर्माण गरी गाउँकै कुनै एक घरको आँगनमा स्थापना गरेर दैनिक बिहान–बेलुका पूजा–आराधना गर्ने चलन थियो ।

त्यसैगरी, युवतीहरू सामूहिक रूपमा भेला भई घाटो तथा चैतार गीत गाउँदै झमटा नृत्य प्रस्तुत गर्ने गर्थे, जसले पर्वलाई अझ जीवन्त बनाउँथ्यो ।

पर्वको अर्को आकर्षक पक्षका रूपमा युवतीहरूको समूहले आँपका बगैंचाबाट पात संकलन गरी त्यसैमा खीर पकाएर माता गौरीलाई चढाउने र पछि प्रसादका रूपमा वितरण गर्ने परम्परा थियो । प्रसाद बाँड्दै गाउँका ज्येष्ठ नागरिकहरूसँग आशीर्वाद लिने र चन्दा संकलन गरेर सांस्कृतिक कार्यक्रम आयोजना गर्ने अभ्यास पनि यससँगै जोडिएको थियो ।

मूर्ति विसर्जनको दिनलाई विशेष उत्सवका रूपमा मनाइन्थ्यो । सो अवसरमा गाउँभरिका परिवारले आफ्ना छोरी, बहिनी तथा आफन्तजनलाई बोलाई आपसी भेटघाट गर्ने परम्परा थियो । खेतीपातीको व्यस्तताबीच यस्तो पर्वले पारिवारिक पुनर्मिलनको अवसर प्रदान गर्ने गथ्र्यो । यस दिन ठेकुवा, तेलही रोटी, दूधपुवा जस्ता परिकार बनाएर कोसेली पठाउने चलन पनि व्यापक
थियो । तर पछिल्ला वर्षहरूमा घाटो पर्वको स्वरूपमा उल्लेख्य परिवर्तन आएको देखिन्छ । नाचगान र सांस्कृतिक कार्यक्रमहरू सीमित बन्दै गएका छन् भने अन्य परम्परागत गतिविधिहरू क्रमशः हराउँदै गएका छन् । कतिपय स्थानमा एकै दिन पूजा सम्पन्न गरी मूर्ति खोलामा विसर्जन गरेर पर्व टुंग्याउने प्रवृत्ति बढ्दो छ ।

पटेर्वासुगौली गाउँपालिकाकी उपाध्यक्ष तथा थारू कल्याणकारी समितिकी केन्द्रीय पार्षद् ममता महतोका अनुसार बदलिँदो जीवनशैली, शिक्षा र रोजगारीका लागि युवाहरूको शहरतर्फ बढ्दो आकर्षणले यस पर्वप्रति चासो घट्दै गएको छ । साथै, एउटै बस्तीमा परम्परागत ढंगले पर्व आयोजना गर्न ठूलो आर्थिक भार पर्ने भएकाले पनि कठिनाइ भइरहेको उनले बताइन् । संरक्षणका लागि सामूहिक रूपमा एकीकृत स्थानमा पर्व आयोजना गर्नुपर्ने उनको सुझाव छ ।

अहिलेको अवस्थामा थारू समुदायले घाटो पर्वलाई माघी जस्ता अवसरहरूमा प्रदर्शनात्मक रूपमा मात्र प्रस्तुत गर्न थालेको देखिन्छ, जसले यसको मौलिकता हराउँदै गएको संकेत गर्दछ ।

# १०० बुँदे कार्यक्रममा छुट्यो हरवाचरवा मुद्दा, ‘१०१ बुँदा’ बनाएर पुनःस्थापनाको माग



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले सरकारद्वारा सार्वजनिक गरिएको १०० बुँदे कार्यक्रममा आफ्ना पुनःस्थापना सम्बन्धी मागहरू समावेश नगरिएकोप्रति गम्भीर असन्तुष्टि जनाएको छ । मञ्चले देशको राजनीतिक, सामाजिक र आर्थिक रूपान्तरणका उद्देश्यसहित ल्याइएको उक्त कार्यक्रममा मुक्त हरवाचरवा समुदायको सवाल उपेक्षित भएको भन्दै सरकारको ध्यानाकर्षण गराएको हो ।

मंगलबार र बुधबार बर्दिवासमा सम्पन्न दुईदिने कार्यशाला गोष्ठीमा मधेश प्रदेशका आठै जिल्लाबाट सहभागी हरवाचरवा अगुवाहरूले वर्तमान अवस्थाको समीक्षा गर्दै सरकारको १०० बुँदे कार्यक्रमलाई १०१ बुँदामा विस्तार गरी मुक्त हरवाचरवाको सम्मानजनक पुनःस्थापनालाई अनिवार्य रूपमा समावेश गर्न माग गरेका छन्। सो अवसरमा ‘बर्दिवास घोषणापत्र’ समेत जारी गरिएको छ ।

मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले हरवाचरवा मुक्ति घोषणा ऐतिहासिक उपलब्धि भए पनि त्यसपछिका कामहरू अपेक्षाअनुसार कार्यान्वयन हुन नसकेको बताए । उनका अनुसार वि.सं. २०७९ साउन २ गते सरकारले हरवाचरवा मुक्ति घोषणा गरेपनि त्यसपछिका तथ्यांक संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण तथा पुनःस्थापनाका कार्यक्रम प्रभावकारी रूपमा अघि बढ्न सकेका छैनन् ।

उनले सरकारको १०० बुँदे कार्यक्रमलाई सकारात्मक पहलका रूपमा स्वागत गर्दै मुक्त हरवाचरवा समुदायका मुद्दाहरूलाई त्यसमा समेट्न आग्रह गरेका छन् । साथै, नवगठित सरकारलाई सफल कार्यकालको शुभकामना पनि व्यक्त गरेका छन् ।

मञ्चका अनुसार नेपालको संविधानले शोषणविरुद्धको हक सुनिश्चित गर्नुका साथै दलित समुदायका लागि भूमि र आवासको अधिकार तथा मुक्त हरवाचरवा, भूमिहीन र सुकुम्वासीहरूको सम्मानजनक पुनःस्थापनाको व्यवस्था गरेको छ ।

तर, व्यवहारमा यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको उनीहरूको गुनासो छ । मधेश प्रदेशका आठवटै जिल्लामा रहेका करिब एक लाखभन्दा बढी मुक्त हरवाचरवा समुदाय अझै पनि आधारभूत अधिकार र सम्मानजनक जीवनबाट वञ्चित रहेको मञ्चले जनाएको छ ।

## एमाले पर्साको भेला फितलोः न्यून उपस्थितिले घट्दो सक्रियताको संकेत ओली रिहाइको माग




मधेशदृष्टि
वीरगंज ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले) पर्साद्वारा आयोजना गरिएको जिल्ला स्तरीय बृहत् कार्यकर्ता भेला बुधबार वीरगंजमा सम्पन्न भएको छ । तर अपेक्षा गरिएभन्दा निकै कम उपस्थिति देखिएपछि पार्टीभित्र सक्रियता र उत्साह घट्दै गएको संकेत नेताहरूले गरेका छन् ।

वीरगंजको नगर सभा गृहमा सम्पन्न उक्त भेलामा केन्द्रीय सदस्य, प्रदेश कमिटीका पदाधिकारी, जिल्ला कमिटी, महानगर तथा पालिका तहका नेता–कार्यकर्तालाई अनिवार्य रूपमा सहभागी हुन निर्देशन दिइएको थियो । तर करिब एक सय जनाको मात्रै उपस्थितिले कार्यक्रम अपेक्षाअनुसार प्रभावकारी बन्न नसकेको बताइएको छ ।

पार्टी संरचनामा तीन जना केन्द्रीय सदस्य, एक दर्जनभन्दा बढी प्रदेश कमिटी सदस्य, १३५ सदस्यीय जिल्ला कमिटी, १०१ सदस्यीय वीरगंज महानगर कमिटी, १३ वटा पालिका कमिटी र २३ वटा जनवर्गीय संगठन सक्रिय भए पनि भेलामा न्यून सहभागिता देखिएको एक नेताले जानकारी दिए । अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको पक्राउविरुद्ध केन्द्रीय सर्कुलरअनुसार आयोजना गरिएको कार्यक्रममा पूर्वमन्त्री प्रदीप यादव तथा केन्द्रीय सदस्य एवं वीरगंज महानगरपालिकाका पूर्वमेयर विजय सरावगीलगायत केही प्रभावशाली नेताहरू अनुपस्थित रहे ।

भेलाले अध्यक्ष ओलीलाई प्रतिशोधपूर्ण, पूर्वाग्रही र गैरकानुनी तरिकाले पक्राउ गरिएको दाबी गर्दै तत्काल रिहा गर्न माग गरेको छ । कार्यक्रममा बोल्ने स्थानीय नेताहरूले वर्तमान सरकारले राजनीतिक प्रतिशोधको नीति अपनाएको आरोप लगाए । उनीहरूले गौरी बहादुर कार्की आयोगको प्रतिवेदन सार्वजनिक नगरी पूर्वप्रधानमन्त्री ओली र नेपाली कांग्रेसका नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिएकोप्रति असन्तुष्टि जनाए ।

एमाले पर्साका नेता रुपेश पाण्डेले पार्टीलाई नयाँ ढंगले अघि बढाउनुपर्ने आवश्यकता औंल्याउँदै निर्देशन उल्लंघन गर्ने नेतामाथि कडा कारबाही गर्नुपर्ने बताए । उनले आन्दोलनमा सहभागी भई टिकट लिएका र निर्वाचित जनप्रतिनिधिहरूको अनिवार्य उपस्थिति सुनिश्चित गर्नुपर्ने माग पनि राखे ।

डा. विशम्भर कुमार शर्माको अध्यक्षतामा सम्पन्न भेलामा केन्द्रीय सदस्य प्रभु हजरा, निर्मला देवकोटा, प्रदेश उपाध्यक्ष बिचारी प्रसाद यादव, नेता जालिम मियाँ, नेतृ रिमा कुमारी यादव, प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री प्रमोद जयसवाल, जन्नत अन्सारी, जिल्ला सचिव महेश दास, मानदेव हजरा, सन्जु छतकुलीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## बैंक काउन्टर तोकिएको समयमा नखुलेपछि सेवाग्राही मर्कामा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज यातायात कार्यालय परिसरमा रहेको ग्लोबल आइएमई बैंक काउन्टर तोकिएको समयमा नखुले पछि सेवाग्राहीले गुनासो गरेकाछन् । यातायात कार्यालयमा विहान ९ बजे नै सेवा लिन पुगेका सेवाग्रहीहरू बैंकको काउन्टर ढिलो खुलेपछि सेवा विहीन भएर बसिरहेको थिए ।

चैत २३ गते देखि सम्पुर्ण सरकारी कार्यालय साथै बैंक तथा वित्तिय संस्थाहरू पनि विहान ९ बजे खुलेर साँझ पाँच बजेसम्म सेवा दिनु पर्ने संघीय सरकारले निर्देशन जारि गरिसकेको छ, तर यातायात कार्यालय परिसरमा रहेको ग्लोबल आइएइ काउन्टरले भने ९:२० देखि साँढे ९ बजे मात्रै सेवा सुरु गर्ने गरेको सेवाग्राहीको भनाई छ ।

सेवाग्राहीहरूले समयमै सेवा नपाउँदा कार्य प्रभावित भएको बताउँदै बैंक प्रशासनले जिम्मेवारीपूर्ण ढंगले सेवा प्रवाह गर्नुपर्ने माग गरेका छन् । यस सम्बन्धमा बैंक प्रशासनले भने समयमा नै बैंकले कर्मचारी खटाएको भन्दै के भएको हो सो बारे बुझेर कारवाई प्रकृया अगाडि बढने जनाएको छ ।

## गण्डक नहरको सरसफाई अभियान तीव्र



**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी सिँचाइ व्यवस्थापन कार्यालयले गण्डक नहरको सरसफाइ अभियानलाई तीव्रता दिएको छ । चालु आर्थिक वर्षमा कार्यालयले मुख्य नहरतर्फ पर्सामा छ किलोमिटर र बारामा पाँच किलोमिटर सरसफाइ तथा मर्मतसम्भार थालेको छ ।

कार्यालयका प्रमुख मनोजप्रसाद पटेलका अनुसार नहरमा माटोसहितको गेग्रान थुप्रिँदै जाँदा नहरको आकार खुम्चिँदै गएको थियो । मुख्य नहरमा कार्यालयकै उपकरण र जनशक्ति परिचालन गरेर सरसफाइ गरेको उनले बताए । नहर वरपर स्थानीयले गरेको अतिक्रमणका कारण निकालिएको फोहोर व्यवस्थापनमा चुनौती थपिएको छ ।

गण्डक नहरको करिब २५ देखि ३० स्थानमा अतिक्रमणका समस्या देखिएको र त्यसको समाधानका लागि स्थानीय प्रशासनसँग समन्वय भइरहेको उनले जानकारी दिए । शाखा नहरतर्फ पाँच खण्डमा विभाजन गरी ७५ किलोमिटर सरसफाइका लागि ठेक्का प्रक्रिया अघि बढाइएको छ ।

## नारायणी अस्पतालको फार्मेसी काउन्टर थप

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नारायणी अस्पतालले ओपीडी सेवामा औषधि लिन बिरामीले भोग्दै आएको लामो लाइनको समस्यालाई समाधान गर्न फार्मेसी सेवा विस्तार गरेको छ । अस्पतालले बुधबारदेखि थप नयाँ फार्मेसी काउन्टर सञ्चालनमा ल्याएको हो । यसले ओपीडीमा आउने बिरामीको भीड व्यवस्थापनलाई सहज बनाउने र औषधि वितरण प्रणालीलाई छिटो तथा प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । अस्पताल प्रशासनका अनुसार ओपीडीमा बढ्दो बिरामी चापका कारण लामो समय लाइनमा बस्नुपर्ने समस्या देखिँदै आएको थियो ।

नयाँ व्यवस्था लागू भएपछि सेवा प्रवाह सुधार हुने र बिरामीले सहज रूपमा औषधि प्राप्त गर्न सक्ने विश्वास गरिएको छ ।

## आईटी क्षेत्रलाई आर्थिक समृद्धिको प्रमुख आधार बनाउन ध्यानाकर्षण

**मधेशदृष्टि**
**कलैया ।**
बारा क्षेत्र नं. ३ का प्रतिनिधि सभा सदस्य इन्जिनियर अरविन्द साहले सूचना प्रविधि (आईटी) क्षेत्रलाई नेपालको आर्थिक समृद्धिको प्रमुख आधार बनाउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

बुधबार प्रतिनिधि सभाको बैठकमा विशेष समयमा बोल्दै सांसद साहले देशभित्र रोजगारी सिर्जना गर्न आईटी क्षेत्रको विकास अपरिहार्य भएको बताए ।

सांसद साहका अनुसार नेपालको आईटी सेवा निर्यात १ अर्ब अमेरिकी डलर नाघिसकेको छ भने यसले कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा करिब २ प्रतिशत र विदेशी मुद्रा सञ्चितिमा ५.५ प्रतिशत योगदान पु¥याएको छ । देशमा ६६ हजारभन्दा बढी फ्रीलान्सर कार्यरत छन्, जसमा अधिकांश २०–२९ वर्ष उमेर समूहका युवा रहेका छन् । साहले सन् २०२४ देखि २०३४ सम्मलाई ‘सूचना प्रविधि दशक’ घोषणा गरिएको उल्लेख गर्दै तीन खर्ब रुपैयाँ निर्यात र १५ लाख रोजगारी सिर्जनाको लक्ष्य हासिल गर्न ठोस नीति कार्यान्वयन आवश्यक रहेको बताए ।

उनले सरकारी सेवा पूर्ण डिजिटल बनाउन, सरकारी खरिदमा नेपाली सफ्टवेयरलाई प्राथमिकता दिन र डिजिटल सुशासन तथा पारदर्शिता प्रवद्र्धन गर्न चार मुख्य प्रस्ताव अघि सार्न सुझाव दिएका छन् ।

## सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रणमा कडाई

**मधेशदृष्टि**
**जितपुर ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले सार्वजनिक तथा गोचर जग्गा अतिक्रमण नियन्त्रण गर्न कडा कदम अघि सारेको छ । वडा नं. ७ अन्तर्गत पर्ने क्षेत्रमा अवैध रूपमा निर्माण गरिएका संरचना हटाउन उपमहानगरपालिकाले औपचारिक सूचना जारी गरेको हो ।

जारी सूचनाअनुसार पथलैया–वीरगञ्ज ६ लेन सडक आसपास, साविक जीतपुर भवानीपुर गाविस वडा नं. ३ भित्रका विभिन्न कित्तामा सार्वजनिक तथा गोचर जग्गा मिचेर बनाइएका संरचना हटाउन सम्बन्धित पक्षलाई आग्रह गरिएको छ ।

उपमहानगरपालिकाले आगामी २०८३ साल वैशाख २ गतेभित्र स्वेच्छाले ती संरचना हटाउन निर्देशन दिएको छ ।

तोकिएको समयसीमाभित्र अटेर गरेमा वैशाख ३ गते बिहान ७ बजेदेखि उपमहानगरपालिका आफैंले डोजर प्रयोग गरी संरचना हटाउने चेतावनी दिइएको छ । त्यसक्रममा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अतिक्रमणकारीबाट असुल गरिने जनाइएको छ ।

प्रशासनिक अधिकृत रामेश्वर बनजाराद्वारा हस्ताक्षरित सूचनामा सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थित उपयोग सुनिश्चित गर्न यस्तो कदम चालिएको स्पष्ट पारिएको छ ।

## कर्मचारी कुटपिटको आरोपमा मेयरविरुद्ध...

कागजात बुझबुझारथ गरेका थिए र त्यसपछि तालिमका लागि काठमाडौं गएका थिए । यसबीच लेखा शाखासम्बन्धी विषयमा लेखा परीक्षण तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिवासबाट अनुसन्धान भइरहेको अवस्थामा शाखाको साँचो कम्प्युटर अपरेटर पुरुषोत्तम कुमार मण्डलकहाँ रहेको र उनी सम्पर्कविहीन भएको बताइएको छ।

मंगलबार कार्यालय फर्किएपछि साँचोको विषयमा सोधपुछ गर्दा नगर प्रमुखले साँचो दिन अस्वीकार गर्दै आफूलाई दुव्र्यवहार गरेको उनले आरोप लगाएका छन् । साथै, घटनाका क्रममा प्रयोगमा रहेको मोबाइल समेत खोसिएको र अन्य कर्मचारीको सहयोगमा आफू बाहिर निस्कन सफल भएको उनले बताएका छन्।

उनले लेखा शाखाको साँचो नगर प्रमुखकै नियन्त्रणमा रहेको दाबी गर्दै अख्तियारमा परेको उजुरीसँग सम्बन्धित कागजात नष्ट हुन सक्ने आशंका व्यक्त गरेका छन् । साथै, आफूलाई ज्यानको जोखिम रहेको भन्दै हाल कार्यालय जान नसक्ने अवस्था रहेको जनाएका छन्।

उता, लेखा समूह धनुषाले पनि घटनाको विरोध गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको छ। ज्ञापनपत्रमा कानून कार्यान्वयन गराउने जिम्मेवारीमा रहेका जनप्रतिनिधिबाटै यस्तो व्यवहार हुनु दुःखद भएको उल्लेख गर्दै संलग्न मेयरमाथि आवश्यक कारबाहीको माग गरिएको छ।

समूहले सह–लेखापाल मण्डलसहित सम्पूर्ण कर्मचारीको कार्यस्थलमा सुरक्षा सुनिश्चित गर्न प्रशासनसँग माग गरेको छ।

## चोरी मुद्दामा संलग्न दुईजना प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरी प्रहरीले मोटरसाइकल चोरी मुद्दामा सहित संलग्न दुई जना प्रतिवादीलाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा चोरी मुद्दामा जिल्लाको डाक्रेश्वरी नगरपालिका–९ निवासी ३१ वर्षीय मो.हकिम र सवारी ज्यान मुद्दामा डाक्रेश्वरी नगरपालिका–१ निवासी ३८ वर्षीय महेशकुमार चौधरी रहेको प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए । उनका अनुसार चोरी मुद्दामा मो. हकिम राजविराज नगरपालिका–७ स्थित उच्च अदालत जनकपुर इजलास राजविराज अगाडि पार्किङ गरी राखिएको स.५.१०९ नम्बरको अपाचे मोटरसाइकल चोरी गरी लैजाँदै गरेको अवस्थामा स्थानीयवासी र प्रहरी टोलीले नियन्त्रणमा लिएको हो ।

प्रहरीले मोटरसाइकलसमेत बरामद गरेको छ । उक्त मुद्दामा सप्तरी जिल्ला अदालतबाट आठ दिनको म्याद थप गरिएको छ ।

## सम्पादकीय

# मधेश प्रदेश सरकारको कार्यशैलीः परिवर्तनको अनुभूति कहिले ?

मधेश प्रदेश सरकारको कार्यशैली बेलाबेला विवादमा आउने गरेको छ। विशेषगरी कर्मचारीमाथि दबाब सिर्जना गरी काम लगाउने प्रवृत्तिले सरकारको सुशासनप्रतिको प्रतिबद्धतामाथि प्रश्नचिह्न खडा गरेको छ। मुख्यमन्त्री र मन्त्रीहरूबाटै यस्तो दबाब आउने गरेको समाचारहरू बाहिरिनुले प्रदेश सरकार जनमुखी भन्दा पनि व्यक्तिगत स्वार्थमा केन्द्रित भएको आरोपलाई बल पु¥याउँछ। यसले गर्दा प्रदेशको समग्र विकास र जनताको सेवा प्रवाहमा नकारात्मक असर परिरहेको देखिन्छ।

कर्मचारीलाई पुराना र विवादित विषयमा पनि भुक्तानी दिन दबाब दिनुले प्रदेश सरकारको पारदर्शिता र जवाफदेहितामाथि गम्भीर प्रश्न उठाउँछ। यस्ता कार्यहरूले अनियमिततालाई प्रोत्साहन दिने र सुशासनको मर्ममाथि प्रहार गर्ने काम गर्छ। जब कर्मचारीहरूलाई गलत काम गर्न बाध्य पारिन्छ, तब उनीहरूको मनोबल घट्छ र यसले अन्ततः सार्वजनिक सेवाको गुणस्तरमा ह्रास ल्याउँछ। यो प्रवृत्तिले प्रदेशमा राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीचको सम्बन्धलाई पनि कमजोर बनाउँछ।

खासगरी स्वास्थ्य क्षेत्रमा देखिएको 'मेडिकल माफिया' को प्रभाव चिन्ताजनक छ। स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा पनि अनियमितता र भ्रष्टाचार मौलाउनुले आम नागरिकको स्वास्थ्यमाथि खेलवाड भइरहेको स्पष्ट हुन्छ। मेडिकल माफियाका कारण स्वास्थ्य सामग्री खरिदमा हुने भ्रष्टाचार, गुणस्तरहीन सेवा र महँगो उपचारले विपन्न वर्गका जनता थप मारमा परेका छन्। यस्ता समाचारहरूले प्रदेश सरकार स्वास्थ्य क्षेत्रको सुधारमा गम्भीर नभएको र माफियाको चंगुलमा फसेको हो कि भन्ने आशंका जन्माउँछ।

जेन्जी आन्दोलनपछि देशमा परिवर्तनको लहर आएको र नयाँ पुस्ताले सुशासनको अपेक्षा गरेको थियो। तर, मधेश प्रदेशमा देखिएका यी घटनाक्रमले आन्दोलनपछिको परिवर्तनको अनुभूति हुन नसकेको देखाउँछ। सरकारहरू नसुध्रिएको र पुरानै शैलीमा काम गरिरहेको संकेत यसले दिन्छ। जनताले सुशासन, पारदर्शिता र जवाफदेहिताको अपेक्षा गरेका छन्, तर प्रदेश सरकारको कार्यशैलीले ती अपेक्षाहरू पूरा गर्न सकेको छैन।

अतः मधेश प्रदेश सरकारले आफ्नो कार्यशैलीमा तत्काल सुधार ल्याउनु आवश्यक छ। कर्मचारीमाथि अनावश्यक दबाब दिने प्रवृत्ति रोक्नुपर्छ र स्वास्थ्य क्षेत्रमा मौलाएको मेडिकल माफियालाई नियन्त्रण गर्न कडा कदम चाल्नुपर्छ। जनताको विश्वास जित्न र प्रदेशको समग्र विकासका लागि सरकारले पारदर्शिता, जवाफदेहिता र सुशासनलाई प्राथमिकतामा राख्नुपर्छ। अन्यथा, परिवर्तनको नारा केवल नारामा मात्र सीमित रहनेछ र जनताको निराशा बढ्दै जानेछ।

# शेरबहादुर देउवाको वास्तविकता खुल्ने समयक्रम कहिले हो ?

**फणीन्द्र दाहाल र अशोक दाहाल/बीबीसी**

भूतपूर्व प्रधानमन्त्री तथा नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा र उनकी पत्नी एवम् भूतपूर्व परराष्ट्रमन्त्री आरजु राणा देउवाविरुद्ध पक्राउ पुर्जी जारी भएपछि उनीहरू अहिले कहाँ छन् भन्ने कुराको खोजीनिती गर्न थालिएको अधिकारीहरूले बताएका छन्।

सरकारले देउवा दम्पतीको नाममा पक्राउ पुर्जी जारी भएको विषयमा औपचारिक रूपमा केही बताएको छैन। तर बीबीसीले कुरा गरेका एक अधिकारीले मङ्गलवार साँझ काठमाडौँ जिल्ला अदालतले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धानका लागि पक्राउ पुर्जी जारी गरिएको जानकारी दिए।

न्यायाधीश महेन्द्रबहादुर कार्कीको इजलासले पक्राउको अनुमति दिएको ती अधिकारीले बताए।

भदौ महिनामा भएको जेन जी आन्दोलनका क्रममा आन्दोलनकारीहरूले देउवा दम्पत्तिको घरमा आक्रमण गर्दै उनीहरूसँग हातपात पनि गरेका थिए।

भदौ २४ गते देउवा निवासमा जलेका विदेशी र स्वदेशी मुद्रा फेला परेको दाबीसहित कैयौँ भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भए। पछि देउवाले ती भिडिओहरू एआईबाट तयार पारिएका दाबी गरे। तर सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले त्यस विषयमा अनुसन्धान थालेको अधिकारीहरूले बताएका थिए।

सम्पत्ति शुद्धीकरण विभागले यसअघि उक्त कसुरमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोमार्फत् पुर्जी दिने र पक्राउ गर्ने गर्दै आएको थियो।

केही दिनअघि प्रहरीले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा भूतपूर्व ऊर्जामन्त्री दीपक खड्कालाई पक्राउ गरेको थियो।

**देउवाद्वारा आरोपको प्रतिवाद, नेपाल फर्कनेबारे मौन**

देउवाले आफूलाई सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गरिएको सञ्चारमाध्यमबाट जानकारी पाएको भन्दै आफू र आफ्नो परिवारका बारेमा सम्पत्तिसम्बन्धी विषयमा 'भ्रामक र झूटा प्रचारबाजी' भएको बताएका छन्।

सामाजिक सञ्जाल फेसबुकमा राखिएको पोस्टमा देउवाले भनेका छन्, 'नेपालको कानूनअनुसार हामीले सार्वजनिक पदमा रहँदा हाम्रो सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेस गरेको अवगत गराउन चाहन्छु।'

'देशमा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना, विधिको शासन, स्वतन्त्र न्यायपालिका, पारदर्शितासँगै राज्यका अङ्गहरू स्वतन्त्र र सक्षम हुनुपर्छ भन्ने मान्यताका लागि मैले सिङ्गो जीवन सङ्घर्षमै व्यतीत गरेको हुँ। वास्तविकता समयक्रमसँगै खुल्दै जाने नै छ। अतिरञ्जना गरी सार्वजनिक भएका विवरणहरूबाट भ्रममा नपर्न सबैमा अपिल गर्छु।'

देउवाले थपेका छन्, 'भ्रष्टाचारमुक्त समाज निर्माण गर्दै सुशासन र पारदर्शिता कायम गर्न म गृहमन्त्री हुँदा मेरै अग्रसरतामा २०४८ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र मेरै प्रधानमन्त्रीत्व कार्यकालमा भ्रष्टाचार निवारण ऐन २०५९ लागू भएको सर्वविदित नै छ।'

देउवाले आफ्नो जीवन एउटा खुला पुस्तकका रूपमा रहेको भन्दै आफू अहिले स्वास्थ्य उपचारको क्रममा विदेशमा रहेको र उपचारको क्रम जारी नै रहेको बताएका छन्।

**के भन्छ नेपाल प्रहरी**

केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख तथा प्रहरी अतिरिक्त महानिरीक्षक मनोज केसीले देउवा दम्पतीको विषयमा आफूहरूसँग कुनै सहयोग माग नगरिएको बताए।

उनले विभागबाट सहयोग माग भएको अवस्थामा मात्रै आफूहरूले सहयोग गर्ने बताए।

'कतिपय अवस्थामा उहाँहरूलाई आवश्यक परेको सहायता गर्ने गर्छौं। यो विषयमा चाहिँ मलाई जानकारी छैन,' केसीले भने।

बीबीसीले कुरा गरेका अधिकारीहरूका अनुसार काठमाडौँ जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भइसकेको छ।

नेपाल प्रहरीका प्रवक्ताले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको अनुसन्धानमा सहयोग माग भए उपलब्ध गराउन प्रहरी सधैँ तयार रहेको बताए।

'हामीले गर्नुपर्ने सहयोग कानूनबमोजिम हामी गरिहाल्छौँ। अरू प्रक्रिया उहाँहरूले नै गर्नुहुन्छ। त्यहाँ (सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग)मा पनि प्रहरी छ,' प्रवक्ता अबिनारायण काफ्लेले भने।

**देउवा दम्पतीको यात्रा विवरण माग**

सम्पत्ति शुद्धीकरण विभागले केही दिनअघि अध्यागमन विभागलाई पत्र लेखेर देउवा दम्पतीको यात्रा विवरण र उनीहरू पछिल्लो समय रहेको स्थानका बारेमा जानकारी माग गरेको थियो।

अधिकारीहरूले त्यस्तो जानकारी माग गरिनुलाई आफूहरूले 'सामान्य प्रक्रिया' का रूपमा लिने र उत्तर दिने गरेको बताएका छन्।

त्यस्तो जनकारी माग गरिएको खण्डमा आफूहरूले राहदानी नम्बरका आधारमा 'ट्राभल हिस्ट्री'को अभिलेख तयार पार्ने र अन्तिम पटक उपस्थित देखिएको स्थानबारे अनुसन्धान निकायलाई अवगत गराउने ती अधिकारीले बताए।

पक्राउ पुर्जी जारी भएसँगै यो विषयमा 'इन्टरपोलमार्फत् पक्राउ पुर्जी जारी गर्ने' तयारी भएका विवरणहरू पनि आएका छन्।

नेपाल प्रहरीभित्र रहेको न्याश्नल सेन्ट्रल ब्यूरोमार्फत् त्यसका लागि जाहेरी दरखास्तसहित उपलब्ध प्रमाण र सम्बन्धित कागजपत्र इन्टरपोल मुख्यालयलाई बुझाउनुपर्ने प्रावधान छ।

ती कागजपत्रको जाँच गरेर पक्राउ पुर्जी जारी गर्न मिल्ने वा नमिल्नेबारेमा इन्टरपोल स्वयंले निर्णय लिने नेपाल प्रहरीका प्रवक्ता बताउँछन्।

'अहिलेसम्म यसबारेमा त्यस्तो प्रक्रिया अघि बढेको वा यसमा सीआईबीको केही सहयोग मागिएको मेरो जानकारीमा छैन।'

**देउवानिकट मानिने नेता भन्छन्, 'सामना गर्न तयार'**

देउवानिकट मानिने नेता मीनबहादुर विश्वकर्माले सरकारले लगाएका आरोप विधिसम्मत नपाइएमा राजनीतिक र कानूनी रूपमा प्रतिवाद गरिने बताए।

उनी भन्छन्, 'राजनीतिक, कानूनी र अहिलेको यो गतिविधिलाई एक राजनेताका रूपमा सामना गर्न उहाँ तयार हुनुहुन्छ। मलाई लाग्छ, उहाँ उपचार सक्ने बित्तिकै आउनुहुन्छ। उहाँ यसबाट भाग्नुहुन्छ भन्ने म कल्पना पनि गर्दिनँ।'

उनले पक्राउ पुर्जी जारी भएको विषय 'हल्लाका रूपमा' आएको भन्दै वैधानिक ढङ्गले त्यो जारी गरिएको भए सघाउने नत्र कानूनी प्रतिवाद गर्ने बताए।

नेता विश्वकर्मा भन्छन्, 'अभियोजन दर्ता भइसकेपछि सम्पत्ति शुद्धीकरण वा अन्य मुद्दामा पनि अभियोजन दर्ता हुन्छ होला। अभियोजन दर्ता भइसकेपछि सम्बन्धित व्यक्तिलाई जानकारी हुन्छ होला। त्यसपछि मात्रै पक्राउ पुर्जी हुन्छ होला। पक्राउ पुर्जी पहिला अनि त्यसपछि मात्रै प्रक्रिया हुँदैन। विधि प्रक्रियाको कुरा त्यही भएर मैले उठाएको हुँ। हामी सबै कुराको कानूनी उपचार नै खोज्छौँ।'

उपचार सम्पन्न गराएर देउवा दम्पती चाँडै नेपाल फर्कने विश्वास पनि उनले गरे।

'शेरबहादुर देउवा एउटा वचनका पक्का, निर्भीक, विधि, प्रक्रिया र राज्यका वैधानिक निकायहरूको निर्णयलाई मान्ने निडर नेता हो। भदौ २४ गतेको घटनामा पनि सबै भागे, उहाँ भाग्नुभएन।'

'भौतिक आक्रमण भोगे पनि आग्रह पूर्वाग्रह नराखी आफ्नो अभिव्यक्ति उहाँले राख्नुभयो। अहिले उपचारका लागि जानुभएको हो। यो समाचार आउनुभन्दा पहिला हप्ता १० दिन लाग्छ भनेको सुनेको हो। ३–४ दिन गइसक्यो, शायद सक्ने बित्तिकै उहाँ आउनुहुन्छ?'

भूतपूर्व कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहित देउवापक्षीय नेताहरूलाई टेलिफोन गर्दा कुराकानी हुन सकेन। उक्त समूहले पछिल्ला दिनयता पार्टीभित्र समानान्तर राजनीतिक गतिविधि गरिरहेको छ।

नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले चाहिँ राज्यले पूर्वाग्रही ढङ्गले अनुसन्धान गर्न नहुने भन्दै कानूनसम्मत कदमहरूमा आफ्नो समर्थन रहने बताए।

'राज्यले गर्ने कुराहरू आफ्नो पूर्वाग्रह राखेर गर्नु भएन। कानूनसम्मत विधिसम्मत गर्ने कुरा जुनसुकै सरकारले पनि गर्न सक्छ। सबै कामहरू विधिसम्मत प्रक्रियागत कानूनी राज्यको परिस्थितिलाई दृष्टिगत गरेर गर्नुपर्छ। राजनीतिक आस्था वा पूर्वाग्रहको आधारमा हुनु हुँदैन। तथ्यमा हुनुप¥यो,' चालिसेले भने।

कांग्रेस प्रवक्ताले भ्रष्टाचार र अनियमिततामा राजनीतिक आस्थाका आधारमा आफूहरूले प्रतिवाद नगर्ने बताए।

'भ्रष्टाचार र अनियमितता भनेका सामाजिक समस्या हुन्। त्यसमा दल, नातागोता भन्ने कुरा केही पनि हुँदैन,' उनले भने।

चालिसेले आफूहरू राज्यले गर्ने अनुसन्धानबारे आस्थाका आधारमा टिप्पणी गर्ने पक्षमा नरहेको बताए।

चुनाव हुनु एक साताअघि फागुन १३ गते पूर्वप्रधानमन्त्री देउवा उपचारको निम्ति भनेर सिङ्गापुर गएका थिए। त्यहाँबाट उनी सपरिवार हङ्कङ पुगेको विवरण सार्वजनिक भएको थियो।

त्यति बेला बीबीसीसँग कुरा गर्दै नेपाली कांग्रेसमा देउवासँग निकट मानिने नेता प्रकाशशरण महतले देउवा कहिले फर्किने हुन् भन्नेबारे सूचना नभएको बताएका थिए।

देउवा प्रधानमन्त्री छँदा उनका प्रेस सल्लाहकार रहेका गोविन्द परियारले सोमवार बीबीसीसँग कुरा गर्दै देउवा केही दिनमा फर्किने बताएका थिए।

'कुनै कानूनी झमेला आइप¥यो भने त्यसबाट पन्छिने भन्ने कुरा छैन,' उनले भने, 'उहाँले पञ्चायतकालदेखि जेलनेल, अनेक तनाव बेहोरिसक्नुभएको छ, उहाँ सबै (चुनौती) सामना गर्न तयार हुनुहुन्छ। यद्यपि उहाँको त्यस्तो (मुद्दा बेहोर्नुपर्ने आधार) खासै केही छैन,' उनले भनेका थिए।

**कार्की आयोगको 'प्रतिवेदन'मा के छ**

गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगलाई दिएको बयानमा देउवाले नेपाल प्रहरीले गरेको मुचुल्कामा आफ्नो निवासमा भेटिएको रकमबारे जबाफ दिएको बताइन्छ।

कति रकम बरामद भएको थियो भनेर नखुलाइएको उक्त प्रतिवेदन विभिन्न सञ्चारमाध्यममार्फत् सार्वजनिक भएको छ। अहिलेसम्म सरकारी निकायले औपचारिक रूपमा सार्वजनिक नगरेको उक्त प्रतिवेदनको आधिकारिकता बीबीसीले स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन।

'ठूलो परिमाण थिएन। सामाजिक सञ्जालको विवरण एआई जेनेरेटेड हुनुपर्छ। सो सम्बन्धमा कुनै प्रहरी कार्यालयमा रिपोर्ट गरेको थिएन। यो नितान्त षड्यन्त्र हो तर कसले ग¥यो थाहा भएन,' सञ्चारमाध्यममा प्रकाशित प्रतिवेदनमा देउवालाई उद्धृत गरिएको छ।

प्रतिवेदनका अनुसार देउवाले तोडफोड, लुटपाट र आगजनी गर्ने जोकोहीलाई कारबाही गरिनुपर्ने माग समेत आफ्नो बयानमा गरेका थिए।

आयोगले आफ्नो सिफारिसमा भदौ २४ गते देउवालगायत अन्य व्यक्तिहरूको घरमा आक्रमण हुँदा फेला परेको रकमका बारेमा कानूनबमोजिम विस्तृत अनुसन्धान गर्न सिफारिस गरेको थियो।

# कृषि योग्य जमिनमा सिँचाइको सुबिधा पुर्याउन चुनौती

सिँचाइ दिवस तथा जलस्रोत तथा सिँचाइ विभागको स्थापना दिवस 'जलस्रोतको व्यवस्थित उपयोग, समृद्ध देश निर्माणमा सहयोग' भन्ने नाराका साथ विविध कार्यक्रम आयोजना गरी बुधबार मनाइएको छ।

तत्कालीन सरकारले २००९ सालमा नहर विभागको स्थापना गरेर कृषि जमिनमा सिँचाइको थालनी गरेको थियो। सोही अवसरको सन्दर्भलाई लिएर सरकारले सिँचाइ दिवस मनाउँदै आएको छ। सिँचाइको संस्थागत विकासका क्रममा नहर विभाग, सिँचाइ तथा खानेपानी विभाग, सिँचाइ तथा जलवायु विज्ञान विभाग हुँदै २०४४ सालमा सिँचाइ विभागमा रुपान्तरण भएको थियो।

विसं २०७२ मा नेपालको संविधान जारी भएपश्चात् सिँचाइ विभाग र जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग खारेज गरेर २०७५ सालमा जलस्रोत तथा सिँचाइ विभागको स्थापना भएको थियो।

नेपालको इतिहासमा पहिलोपटक सरकारीस्तरबाट १९७९ सालमा 'चन्द्र नहर'को निर्माण सुरुआत भएर १९८५ सालमा सम्पन्न भएको थियो। यसलाई नै पहिलो आधुनिक तथा सबैभन्दा पुरानो सिँचाइ प्रणाली मानिन्छ। तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशम्शेर जवराको विशेष पहलमा बनेको सो नहरको प्राविधिक नेतृत्व (चिफ इन्जिनियर) शाही सेनाका महासेनानी डिल्लीजङ्ग थापाले गर्नुभएको थियो।

जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को आर्थिक एवं प्राविधिक सहयोगमार्फत हालै 'शताब्दी' पार गरेको सो नहरका ३२ प्रमुख संरचनाहरूको पुनर्निर्माण तथा सुदृढीकरणमा सम्पन्न भएको थियो। उदयपुरको त्रियुगा नदीलाई मुख्य पानीको स्रोत मानेर निर्माण गरिएको सो नहरबाट २८ किमी मूल नहर, ११ शाखा नहर तथा थप शाखा नहरमार्फत सप्तरी जिल्लाका १० हजार ५०० हेक्टर जमिनमा सिँचाइ उपलब्ध हुँदै आएको छ। यसबाट ३५ हजार घरपरिवारका किसान लाभान्वित हुँदै आएका जनाइएको छ।

पछिल्लो समय कृषियोग्य जमिनमा सिँचाइ सुविधाको पहुँचले गति लिँदै गएता पनि अझै १० लाख हेक्टर जमिनमा सिँचाइको पहुँच पुर्याउनुपर्ने देखिएको छ। जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक ई. मित्र बरालले भन्नुभयो, 'कुल सिँचाइयोग्य क्षेत्र करिब २५ लाख ३६ हजार हेक्टरमध्ये हाल करिब १५ लाख ८७ हजार ९१० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भइसकेको छ। सतह, भूमिगत, जलासय र लिफ्ट सिँचाइमार्फत सिँचाइ पुगेका क्षेत्रमा हेक्टर उत्पादन औसत रूपमा वृद्धि भएको छ।'

नेपालमा कृषियोग्य जमिनको क्षेत्रफल ३५ लाख ५७ हजार ७०० हेक्टर रहेको जनाइएको छ। उहाँले भन्नुभयो, 'नेपालको अर्थतन्त्र मुख्यतया कृषिमा आधारित छ। करिब ६२ प्रतिशत जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेसामा संलग्न रहेका छन्। दिगो, भरपर्दो र प्रभावकारी सिँचाइ प्रणालीबिना कृषि आधुनिकीकरण, उत्पादन वृद्धि तथा खाद्य सुरक्षा सम्भव हुँदैन। यसैलाई ख्याल गर्दै कृषियोग्य जमिनमा सिँचाइको सुविधा पुर्याउन विभागले उच्च प्राथमिकताका साथ काम गरिहेको छ।'

**राष्ट्रिय गौरवका अयोजनाः प्रगति तीव्र**



पछिल्लो समय विभागअन्तर्गतका छवटा राष्ट्रिय गौरवका अयोजनाले गति लिएका छन्। ती आयोजनालाई समयसीमाभित्र सम्पन्न गर्न विभागले उच्च प्राथमिताका साथ लागिरहेको महानिर्देशक बरालले जानकारी दिनुभयो।

हाल विभागअन्तर्गत महाकाली सिँचाइ आयोजना (कञ्चनपुर), रानी जमरा कुलरिया सिँचाइ आयोजना (कैलाली), बबई सिँचाइ आयोजना (बर्दिया), भेरी बबई डाइभर्सन बहुउद्देशीय आयोजना (सुर्खेत), सिक्टा सिँचाइ आयोजना (बाँके) र सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना (सिन्धुली) छवटा राष्ट्रिय गौरवका अयोजना सञ्चालित छन्।

चालु आवमा विभागको अथक प्रयासपछि ती आयोजनामध्ये तीनवटाको कार्यप्रगति राम्रो रहेको जनाइएको छ। सिक्टा सिँचाइ आयोजना (बाँके)को हालसम्म सिँचाइ संरचना विस्तार भएको क्षेत्र २२ हजार ५०० हेक्टर पुगिसकेको छ। यो आयोजनाको सिँचाइ हुने क्षेत्रफल ४२ हजार ७६६ हेक्टर रहेको भने बबई सिँचाइ आयोजना (बर्दिया)को सिँचाइ संरचना विस्तार भएको क्षेत्र २७ हजार ३३० हेक्टर पुगिसकेको छ। यो आयोजनाको सिँचाइ हुने क्षेत्रफल ३६ हजार हेक्टर रहेको छ।

त्यसैगरी, रानी जमरा कुलरिया सिँचाइ आयोजना (कैलाली) सिँचाइ संरचना विस्तार भएको क्षेत्र १४ हजार ३०० हेक्टर पुगिसकेको छ। यो आयोजनाको सिँचाइ हुने क्षेत्रफल ३८ हजार ३०० हेक्टर रहेको भने महाकाली सिँचाइ आयोजना तेस्रो चरणको कामले पनि गति लिएको जनाइको छ। विभाग महानिर्देशक बरालले भन्नुभयो, 'सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना र भेरी बबई डाइबर्सन बहुउद्देशीय आयोजना पनि अब गति लिन्छ।'

**तराई मधेश भूमिगत जल सिँचाइ कार्यक्रम**

विभागले तराई तथा भित्री मधेशका करिब तीन लाख १८ हजार हेक्टर जमिनमा भूमिगत सिँचाइमार्फत सिँचाइ सुविधा पुर्याउन तराई मधेश भूमिगत जल सिँचाइ कार्यक्रम पनि कार्यान्वयन गरिराखेको छ। ती कृषियोग्य जमिनमा भूमिगत सिंाचाइ प्रणालीको विकास गरी कृषि उत्पादन र उत्पदकत्वको अभिवृद्धि, खाद्य सुरक्षाको सुनिश्चितता, भोकमरीको अन्त्य, रोजगारी सृजना गरी कुल गार्हस्थ्य उत्पादन वृद्धिमा योगदान पुर्याइ परिस्कृत र मर्यादित जीवनयापनको आधार तयार गर्ने कार्यक्रमको ध्येय रहेको विभागले जनाएको छ।

कार्यक्रम तराई मधेशका १९ जिल्लासहित भित्री मधेशका उदयपुर, मकवानपुर, सुर्खेत, चितवन र दाङसहित पहाडी जिल्ला इलाम र सिन्धुलीमा कार्यान्वयमा रहेको विभागले जनाएको छ। महानिर्देशक बरालले भन्नुभयो, 'भूमिगत सिँचाइ प्रणाली सञ्चालनको आधारभूत प्राविधिक ज्ञानको अभावले गर्दा उपभोक्तालाई नियमित रूपमा सिँचाइ प्रणाली सञ्चालनमा समस्या सम्बोधन गर्ने प्रयासमा छौँ।'

विभागले गत वर्षको वर्षात्का मुख्य समयमा पनि मधेश प्रदेश सुक्खा हुँदा आइलागेको समस्यालाई तत्काल सम्बोधन गर्न द्रुतगतिबाट काम गरेको थियो। धानबाली जोगाउन भूमिगत जल सिँचाइलाई निरन्तरता दिने प्रयास गरेको थियो।

सरकारले गत साउन ६ गते मधेश प्रदेशलाई तीन महिनाका लागि सुक्खा विपद् क्षेत्र घोषणा गरेको थियो। खानेपानी, सिँचाइ तथा कृषिसम्बन्धी समस्याको पहिचान गरी समाधानका लागि कार्ययोजना पेस गर्ने सम्बन्धमा गठित कार्यदलको प्रतिवेदनका आधारमा विभागले भूमिगत जल सिँचाइसम्बन्धी तत्काल गर्नुपर्ने कार्य अगाडि बढाएको थियो।

**जलस्रोत संरक्षण**

विभागले एकीकृत नदी बेसिन सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दै आएको छ। कार्यक्रमले पच्चीस हजार हेक्टर जमिनमा सिँचाइ गरिने लक्ष्य राखेको छ।

विभागले जलस्रोत संरक्षण, नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप व्यवस्थापनको कार्य योजनाबद्ध रूपमा गर्दै आएको छ। महानिर्देशक बरालले भन्नुभयो, 'निर्माण सम्पन्न भएका सिँचाइ प्रणालीहरूमा नहर सञ्चालन एवं व्यवस्थापनको पनि कार्य गर्दै आएको छ।'

उहाँका अनुसार विभागले तटबन्ध निर्माण एक हजार ४७७ किमी, जग्गा उकास १३ हजार ६७१ हेक्टर र चेकड्याम ६३५ निर्माण सम्पन्न गरेको छ। महानिर्देशक बरालले भन्नुभयो, 'जलस्रोत संरक्षण, नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप व्यवस्थापनमा काम गरिरहेको छ।' रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# स्वास्थ्य सेवालाई सबै नागरिकको पहुँचमा पुर्‍याइने



**काठमाडौं ।**
श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले स्वास्थ्य सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन सरकार क्रियाशील रहेको बताएका छन् । स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनको एक दशक पुगेको अवसरमा स्वास्थ्य बीमा बोर्डले आयोजना गरेको कार्यक्रममा उनले बीमा कार्यक्रमार्फत
जनसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न सरकार प्रतिबद्ध रहेको बताए ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डिल्लीराम शर्माले स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनमा देखिएका गुनासा सम्बोधन गर्न मन्त्रालय तयार रहेको बताए ।
‘सेवाग्राही र सेवा प्रदायकका तर्फबाट बीमा कार्यक्रममा सम्बन्धमा गुनासो आइरहेका छन्, यसलाई समाधान गरेर अघि बढ्नुपर्छ’, उनले भने ।
स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक कृष्णप्रसाद पौडेलले सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई एकद्वारबाट कार्यान्वयन गर्ने, संस्थागत सुधार, प्रविधिको अधिकतम प्रयोग र समयमै दाबी फरफारक गर्न सक्नेगरी क्षमता अभिवृद्धि गर्नेतर्फ आफूहरू लागेको बताए ।
एक दशकमा देशको करिब एकतिहाइ जनसङ्ख्यामा बीमा कार्यक्रम पुगेको छ । बीमा प्रिमियम तिर्ने करिब ९३ प्रतिशतले सेवा लिएको बोर्डले जनाएको छ ।
प्रतिपरिवार पाँच जना सदस्यका लागि प्रतिवर्ष तीन हजार ५०० योगदान रकममा आधारमा एक लाखसम्मको उपचार सुविधा उपलब्ध छ । रासस

# बागमती प्रदेश सभाको रिक्त सभामुख पदमा चार दलको दाबी



**काठमाडौँ ।**
बागमती प्रदेशसभामा सभामुख पदको चयन प्रक्रिया सुरु भएको छ । बागमती प्रदेशसभाका सभामुख पद भुवनकुमार पाठकले जेनजी आन्दोलन लगत्तै गत असोज १ गते पदबाट राजीनामा दिएपछि रिक्त छ ।
रिक्त सभामुख पदका लागि सत्तारुढ र प्रतिपक्ष दलले दाबी गरेका छन् । बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलको संयुक्त बैठकमा सभामुखमा आ–आफ्नो दलले पाउनुपर्ने दाबी गरेका हुन् ।
प्रदेशसभाको सबैभन्दा ठूलो दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने दाबी गर्नु स्वाभाविक भएको कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका सचेतक पुकार महर्जनले बताए ।
‘नेकपा एमालेले पनि सभामुख हामीलाई चाहियो भनिरहेको छ, हामीले सत्तारुढ दलको बीचमा सहमति कायम गरेर अघि बढ्न चाहिरहेका छौं’, उनले भने, ‘ठूलो दलको नाताले कांग्रेसलाई सभामुख दिनुपर्छ भन्ने हाम्रो अडान छ । ’ तर सत्तारुढ दलबीच सहमति गरेर अघि बढ्ने कुरामा हामी एक ढिक्का रहेको उनले बताए ।
यता अर्को सत्तारुढ दल नेकपा एमालेले कांग्रेसको मुख्यमन्त्री भएकाले सभामुख आफ्नो दलले पाउनुपर्ने दाबी गरेको छ । एमाले संसदीय दलका प्रमुख सचेतक एकालाल श्रेष्ठले कांग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै त्यसमा दुई दलबीच कुनै विवाद नरहेको बताए । सरकार र सदनबीच सन्तुलन कायम राख्न प्रमुख प्रतिपक्ष दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का नेता शालिकराम जम्कट्टेलले बताए ।
सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै नेता जम्कट्टेलले सत्तापक्षबीच सहमति नभए आफ्नो दलले सभामुखमा उम्मेदवारी दिने बताए ।
‘हामीले सत्तारुढ दललाई तपाईंहरू सरकार चलाउनुस्, सदनको नेतृत्व हामीलाई दिनुस् भनिरहेका छौं’, उनले भने । शक्ति सन्तुलनका लागि प्रतिपक्षको दाबी स्वाभाविक भएको उनले बताए । उनले अगाडि भने, ‘यसले एउटा राम्रो सन्देश जान्छ । सत्तारुढ दलबीच कुरा मिल्यो भन्ने ठिकै छ, नत्र हामीले उम्मेदवारी दिन्छौं ।’
त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले पनि सभामुखमा दाबी गरेको छ । राप्रपा संसदीय दलका नेता उद्धव थापाले आफ्ना पार्टीबाट सभामुख हुनुभएका पाठकले राजीनामा दिएकाले पुनः सभामुख आफ्नो दलले पाउनुपर्ने बताए । हिजोदेखि सुरु भएको बागमती प्रदेशसभाको १७ औं अधिवेशनमा सभामुख चयन प्रक्रिया सुरु भएको छ । सभामुख चयन प्रक्रिया सुरु भएसँगै १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने संवैधानिक व्यवस्था छ । १०४ सदस्यीय बागमती प्रदेशसभामा कांग्रेसको ३५, एमालेका २५, नेकपाको २६, राप्रपाको १३, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुई जना प्रदेशसभा सदस्य छन् । रासस

# विश्व बैंकको सहयोगमा ‘डिजिटल’ रूपान्तरण परियोजना कार्यान्वयन हुँदै



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनासँग नेपालका लागि विश्व बैंकका देशीय निर्देशक डेभिड सिस्लेन नेतृत्वको प्रतिनिधिमण्डलले उनको कार्यकक्षमा शिष्टाचार भेट गरेको छ ।
परराष्ट्र मन्त्रालयका अधिकारी समेतको उपस्थितिमा भएको भेटमाविश्व बैंकको सहयोगमा कार्यान्वयन हुने ‘नेपाल डिजिटल ट्रान्सफरमेसन प्रजेक्ट’, मुलुकको सूचना प्रविधि क्षेत्रको विकासका लागि पहुँच विस्तार, ‘डेटा’ व्यवस्थापन, डिजिटल रूपान्तरण तथा शासकीय सुधारबारे छलफल भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ ।
मन्त्री तिमिल्सिनाले नेपालको सामाजिक– आर्थिक विकासका निम्ति विश्व बैंकले निरन्तर गरेको सहयोगप्रति कृतज्ञता ज्ञापन गर्दै ‘नेपाल डिजिटल ट्रान्सफरमेसन प्रजेक्ट तीव्र गतिमा कार्यान्वयन गरिने बताए ।
नयाँ सरकार गठनपछि पूर्वाधार विकास र नागरिक सेवा प्रवाहमा नतिजामुखी काम सुरु भइसकेको उल्लेख गर्दै उनले विगतभन्दा फरक ढङ्गले काम गर्दै आयोजनाका समस्या समाधानतर्फ सरकार केन्द्रित रहेको सुनाए । साथै विश्व बैंकसँगको सहकार्यमा कार्यान्वयनमा गएका आयोजनाको प्रगति पनि शीघ्र देखिने बताए । रासस

# सांसदले भने– अब आश्वासन होइन, डेलिभरी चाहिन्छ



**काठमाडौँ ।**
प्रतिनिधि सभाको बुधबारको बैठकमा सांसदहरूले विशेष अवस्थामा भएको निर्वाचनबाट विजयी भएको दल र सरकारले जनतालाई सुशासन दिनुपर्नेमा जोड दिएका छन् ।
विशेष समयमा दलीय आधारमा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद लीमा अधिकारीले नयाँ सरकारले चालेका सुधारात्मक कामको प्रशंसा गर्दै समग्र आर्थिक विकासको नयाँ आयाम दिन सरकार सफल हुनुपर्ने बताइन् । अब जनतालाई आश्वासन र भागभण्डा होइन, डेलिभरी चाहिने भएकाले त्यसअनुसार सबैले काम गर्नुपर्ने अधिकारीको भनाइ थियो ।
रास्वपाकै सांसद जगदीश खरेलले सुशीला कार्की नेतृत्वको सरकार र जेनजी समूहबीच भएको सम्झौताको अक्षरशः पालना हुनुपर्ने बताए । रास्वपाकै समीक्षा बास्कोटाले उच्च सम्भावना भएको कर्णाली प्रदेशलाई उपेक्षामा नराख्न आग्रह गरिन् । नेपाली कांग्रेसका सांसद जनकराज गिरीले जमुनादेखि हिल्सासम्म हुँदै मानसरोवरसम्मको त्रिदेशीय मार्गलाई स्तरोन्नती गर्न सके बाजुराको पर्यटन, रोजगारी र स्थानीय उत्पादन वृद्धि हुने बताए ।
सेती लोकमार्ग निर्माण अलपत्र परेकाले शीघ्र निर्माणमा उनले जोड दिए । कांग्रेसकै सन्दीप रानाले खेतीयोग्य जमिनमा सिँचाइको अभाव हुने समस्यालाई समाधान गर्न आग्रह गरे ।
नेकपा (एमाले) का यज्ञबहादुर बोगटीले राज्यले अछामलाई पिछडिएको क्षेत्र घोषणा गरे पनि त्यहाँका जनता शिक्षा, स्वास्थ्य र रोजगारीलगायत समस्या खेपिरहेको बताए । विदेशमा गएर रोजगारी गर्न बाध्य नागरिकलाई फर्काएर स्वदेशमै रोजगारी दिन र पहाडी जिल्लाका सडकहरूको स्तरोन्नति र निर्माण ध्यान दिन उनले आग्रह गरे ।
एमालेकै साजिदा खातुन सिद्दिकीले गौरीबहादुर कार्की आयोगको प्रतिवेदन पूर्वाग्रही भएको र एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री रमेश लेखकलाई विधि विपरीत हिरासतमा लिइएको आरोप लगाइन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का महेन्द्रबहादुर शाहीले देशको अर्थतन्त्रमा बिचौलिया र नवउदारवाद हावी भएको र वैदेशिक ऋणमा निर्भरता कायम रहेकाले आत्मनिर्भर अर्थतन्त्र विकासको जोड दिए । सबै भ्रष्टाचार प्रकरणको छानबिन गरी दोषीलाई कारबाही गर्न शाहीले आग्रह गरे ।
श्रम संस्कृति पार्टीकी रुवी कुमारीले मधेस प्रदेशमा ‘दहेज’, युवाको बेरोजगारीको समस्याको समाधान र किसानका लागि सिँचाइ, मल र उचित सुविधा दिन आग्रह गरिन् । राष्ट्रिय प्रजातन्त्र पार्टीका भरत गिरीले
जयनगर–जनकपुर–बर्दिबास रेलमार्ग निर्माणका लागि भारतसँग भएको सम्झौताबमोजिम स्थानीय सरकारको करको बाधा हटाएर छिटो कार्य प्रारम्भ गर्नुपर्ने माग गरे । देशस्तरीय मेडिकल कलेज निर्माणको बजेट फ्रिज भएको र काठमाडौँ तराई द्रुतमार्ग छिटो निर्माण गर्न गिरीले आग्रह गरे । स्वतन्त्र सांसद महावीर पुनले म्याग्दीलाई हिमाली जिल्ला घोषणा गरिए पनि पाउनुपर्ने सहुलित प्राप्त नभएकोमा ध्यानाकर्षण गराए । राणाकालदेखि मुलुकमा भाइरसका रूपमा रहेको नातावाद, कृपावाद र चाप्लुसीवादबाट मुक्त हुन सक्नुपर्ने पुनको भनाइ थियो । रासस

# राष्ट्रियसभा बैठक : भ्रष्टाचार नियन्त्रणदेखि मल, बीउको व्यवस्था गर्न माग


**काठमाडौँ ।**
राष्ट्रियसभाका सांसदहरूले भ्रष्टाचार नियन्त्रणदेखि किसानलाई समयमै मल, बीउको व्यवस्था गर्न माग गरेका छन् । राष्ट्रियसभाको बैठकको शून्य समयमा बोल्दै सांसद गीता देवकोटाले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनताको दैनिकी प्रभावित भएकाले कृषिमा लगानी बढाई आत्मनिर्भरताका लागि दीर्घकालीन योजना बनाउन सरकारको ध्यानाकर्षण गराइन् ।
सांसद धर्मेन्द्र पासवानले सप्तरीमा गत फागुन ३० गते एक महिलामाथि भएको बलात्कार र हिंसा प्रकरण सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउँदै न्यायका लागि तत्काल पहल गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद मीनासिंह रखालले कर्णाली क्षेत्रमा प्राकृतिक स्रोतको प्रचुर सम्भावना हुँदा पनि समृद्धिमा पछाडि परेकाले आवश्यक लगानीका लागि आगामी बजेटमा व्यवस्था गर्न सरकारसँग माग गरिन् ।
सांसद रेखाकुमारी झाले कृषि खेतीबालीका लागि समयमै मल, बीउ र अन्य आवश्यक सामग्रीको व्यवस्था गर्न र कृषिमा हानी पुर्‍याउने वन्यजन्तुको व्यवस्थापन गर्न सरकारसँग माग गरिन् । सांसद ललितजङ्ग शाहीले भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्न र मुलुकमा सुशासनका लागि प्रभावकारी काम गर्न सरकारको ध्यानाकर्षण गराइन् । सांसद सोमनाथ पोर्तेलले दलित समुदाय आर्थिक, सामाजिक लगायत क्षेत्रमा पछि परेको उल्लेख गर्दै संविधानको प्रभावकारी कार्यान्वयन गरी विशेष कार्यक्रम घोषणा गर्न माग गरे । रासस

# मित्र राष्ट्रसँगको सम्बन्ध अझ सुदृढ बनाउन सरकार उत्सुकः प्रम



**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहले नेपालस्थित विभिन्न कूटनीतिक नियोगका प्रमुख एवं राजदूतहरूलाई उनीहरूले प्रतिनिधित्व गर्ने मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई अझ सुदृढ बनाउन नेपाल सरकार उत्सुक रहेको बताएका छन् ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार शिष्टाचार भेट गर्न पुगेका नियोग प्रमुखहरूलाई प्रधानमन्त्री शाहले सरकार सबै देशहरूसँगको सम्बन्धलाई उच्च महत्त्व दिनुका साथै विश्वासका आधारमा पारस्परिक लाभमा आधारित साझेदारी सुदृढ गर्न प्रतिबद्ध रहेको उल्लेख गरे ।
नेपालले सन्तुलित र व्यावहारिक वैदेशिक नीतिको अनुसरण गर्दै आएको छ । हाम्रो बाह्य सम्बन्ध साझा समृद्धिको लक्ष्यद्वारा निर्देशित छ, प्रधानमन्त्री शाहले भने, नेपालको विकास र समृद्धिका लागि निरन्तर सद्भाव र सहयोग प्रदान गर्नुभएकामा हामी सबै साझेदार तथा मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।
विश्वमा जारी द्वन्द्वहरूले सर्वसाधारण नागरिकलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति साझा प्राथमिकता हुनुपर्नेमा उनको जोड थियो ।
प्रधानमन्त्री शाहले भने, चलिरहेका द्वन्द्वहरूले सर्वसाधारण नागरिकलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति हाम्रो साझा प्राथमिकता रहनुपर्छ । यसमा हामी सबै सहमत छौँ भन्ने विश्वास लिएको छु र यस दिशामा सामूहिक प्रयासको अपेक्षा गर्दछु । यहाँ उपस्थित सबै मित्रहरूलाई नेपालको निरन्तर मित्रता र सहयोगका लागि धन्यवाद दिन चाहन्छु । प्रधानमन्त्री शाहले नेपाल सरकार लगानीका लागि अनुकूल वातावरण निर्माण गर्न,उद्यमशीलतालाई प्रोत्साहन गर्न तथा दिगो विकासलाई समर्थन गर्न प्रतिबद्ध रहेको पनि बताए । उनले राष्ट्रिय हितअनुकूल हुनेगरी नेपाललाई क्षेत्रीय तथा वैश्विक आर्थिक संरचनामा अझ मजबुत रूपमा समेट्ने लक्ष्य राखिएको पनि उल्लेख गरे । नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद हुनु होइन । हामी राजनीतिक स्थायित्व कायम राख्न तथा नीतिगत दिशालाई स्थिर र पूर्वानुमानयोग्य बनाइराख्न दृढ प्रतिबद्ध छौँ,प्रधानमन्त्री शाहले भने । उनले विकास, व्यापार, लगानी, जलवायु अनुकूलनका कार्य तथा जनस्तरको सम्बन्धजस्ता विभिन्न क्षेत्रमा सहकार्य अघि बढाउन सरकार इच्छुक रहेको जानकारी दिए । यसैगरी विदेशमा रहेका नेपाली नागरिकको सुरक्षा र हित सरकारको प्राथमिकतामा रहेको विषयमा उनले जोड दिए । रासस

# भैँसीपालनमा जुट्दै लुङ्गिनका किसान



**भोजपुर ।**
भोजपुरको हतुवागढी गाउँपालिका–२ लुङ्गिनका किसान स्थानीय सरकारको अनुदान सहयोगसँगै व्यावसायिक भैँसीपालनतर्फ आकर्षित हुन थालेका छन् । परम्परागत खेतीपातीमा सीमित रहेका यहाँका किसान अहिले आयआर्जन वृद्धि र आत्मनिर्भर बन्ने लक्ष्यका साथ पशुपालनतर्फ उन्मुख भएका हुन् ।
हतुवागढी गाउँपालिकाले कृषि तथा पशुपालन क्षेत्रलाई प्राथमिकतामा राख्दै किसानलाई लक्षित गरी विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गर्दै आएको छ । विशेषगरी गाई, भैँसीपालनलाई प्रोत्साहन गर्न गोठ सुधार, उन्नत जातका भैँसी वितरण गरिएको हो । किसानलाई आयआर्जनमा जोड्ने लक्ष्यले विगत तीन वर्ष अघिबाट स्थानीयलाई भैँसी तथा उन्नत गाई वितरण कार्यक्रम सञ्चालन भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले जानकारी दिए । किसानलाई दूधको माध्यमबाट आयआर्जनमा जोड्ने लक्ष्यका साथ गाउँपालिकाले ५० प्रतिशत अनुदानमा उन्नत जातको भैँसी वितरण गर्दै आएको उनले बताए ।
हालसम्म गाउँपालिकाभित्रका किसानलाई २७ उन्नत जातको भैँसी विरतण गरिएको प्रमुख प्रशासकीय अधिकृत निरौलाले जानकारी दिए । भैँसी वितरणसँगै किसानलाई प्राविधिक तालिमसमेत उपलब्ध गराउने गरिएको छ । गाउँपालिकाले सञ्चालन गरेको भैँसी वितरण कार्यक्रम किसानका लागि उपयुक्त रहेको हतुवागढी–२ लुङ्गिनका कृषक हेमराज कार्कीले बताए । गाउँपालिकाले भैँसीसँगै गोठ सुधारको कार्यक्रमसमेत सञ्चालन गरेकोले थप सहजता भएको उनको भनाइ छ ।
विगतमा घरायसी प्रयोजनका लागि सीमित भैँसीपालन अहिले व्यावसायिक रूपमा विस्तार हुँदै गएको छ । भैँसी वितरण कार्यक्रमले हामीलाई प्रत्यक्ष लाभ पुगेको छ, कार्कीले भने, दूध तथा दुग्धजन्य परिकार बिक्री गरेर आयआर्जन गर्ने अवस्था बनेको छ ।
यहाँ उत्पादित दूध तथा दुग्धजन्य पदार्थ स्थानीय बजारका साथै नजिकका व्यापारिक केन्द्रहरूमा बिक्री हुने स्थानीयवासी धनबहादुर थापाले बताए । केही किसानले दही, घ्यूउ, परिकार बनाउने गरेका छन् । लुङ्गिन क्षेत्र पशुपालनको लागि उपयुक्त रहेकाले पशुपालनमा जोड दिएको वडाध्यक्ष विचारी थापाले बताए । गाउँपालिकाबाट वितरण भएका २७ भैँसीमध्ये २२ लुङ्गिन क्षेत्रका किसानले पालन गरिरहेका छन् ।
गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले किसानलाई पशुपालनका माध्यमबाट आत्मनिर्भर बनाउने लक्ष्यसहित गाई, भैँसीपालनलगायत कृषि क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरिएको बताए । स्थानीय उत्पादन बढाउँदै किसानको आयस्तर उकास्ने उद्देश्यले अनुदानमा भैँसी वितरण गरेका हौँ, उनले भने, यसले किसानलाई आयआर्जनमा जोड्न टेवा पुग्छ । गाउँपालिकाले आगामी दिनमा पशुपालनसँगै दुग्ध सङ्कलन, प्रशोधन र बजार व्यवस्थापनलाई थप व्यवस्थित बनाउने योजना अघि बढाउने भएको छ । रासस

# अमेरिका–इरान अन्तिम क्षणमा युद्धविराम, दुवै पक्षद्वारा जीतको दाबी

**वासिङ्टन ।**
एक महिनाभन्दा बढी समयदेखि चलेको भीषण द्वन्द्वपछि अन्तिम घडीमा अमेरिका र इरान दुई हप्ताको अस्थायी युद्धविराममा सहमत भएका छन् । तर गोलीबारी रोकिए पनि दुवै पक्षले आफूलाई विजेता घोषणा गरेकाले तनावको मूल कारण अझै समाधानतर्फ नपुगेको सङ्केत देखिएको छ ।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तय गरेको समयसीमा सकिन एक घण्टा बाँकी रहँदा सहमति जुटेको हो । त्यसपछि दुवै देशले युद्धविरामलाई आ–आफ्नो जीतका रूपमा प्रस्तुत गरेका छन् । ट्रम्पले यसलाई अमेरिकाका लागि 'पूर्णतः निर्णायक विजय' भएको बताएको छ भने इरानले पनि आफूले 'ऐतिहासिक र निर्णायक जीत' हासिल गरेको दाबी गरेको छ ।
इरानी सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले जारी गरेको विज्ञप्तिमा इरानी राष्ट्रविरुद्ध गरिएको युद्धलाई 'अवैध र आपराधिक' भन्दै शत्रुले लज्जास्पद पराजय बेहोरेको उल्लेख गरिएको छ । त्यस्तै, इरानले यस विरामलाई स्थायी समाधानतर्फको पहिलो कदमका रूपमा लिँदै अमेरिकासँग वार्ता अघि बढाउने जनाएको छ । वार्ता पाकिस्तानमा शुक्रबारदेखि सुरु हुने तय गरिएको छ ।
यसबीच, ह्वाइट हाउसले इजरायल पनि युद्धविराममा सहमत भएको जनाएको छ । तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले स्पष्ट पार्दै यो सहमति लेबनानमा लागू नहुने बताएका छन् । लेबनानमा इरान समर्थित हिजबुल्लाहसँगको द्वन्द्वमा हालसम्म एक हजार ५०० भन्दा बढी मानिसको ज्यान गइसकेको जनाइएको छ ।



इजरायलले सुरुबाटै अमेरिकालाई इरानविरुद्धको युद्धमा प्रत्यक्ष संलग्न हुन आग्रह गर्दै आएको थियो । फेब्रुअरीमा सुरु भएको प्रारम्भिक आक्रमणका क्रममा इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनी मारिएको दाबीसमेत गरिएको छ, जसले द्वन्द्वलाई थप चर्काएको थियो । ट्रम्पले युद्धविरामको निर्णय लिनुअघि पाकिस्तानी नेतृत्वसँग परामर्श गरेको बताएका छन् । उनका अनुसार पाकिस्तानले इरानमाथि 'विनाशकारी सैन्य कारबाही रोक्न' आग्रह गरेको थियो । उनले चीनले पनि इरानलाई वार्तामा ल्याउन भूमिका खेलेको विश्वास व्यक्त गरे ।
युद्धविरामको मुख्य शर्तका रूपमा इरानले विश्वको महत्त्वपूर्ण तेल मार्ग होर्मुज जलडमरूमध्य दुई हप्ताका लागि सुरक्षित रूपमा खोल्ने सहमति जनाएको छ । फेब्रुअरी २८ देखि सुरु भएको युद्धका क्रममा बन्द गरिएको यस मार्गबाट विश्वको झण्डै पाँचौँ भाग तेल आपूर्ति हुने भएकाले यसको खुला हुनु विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ । इरानी विदेशमन्त्री अब्बास अराघचीले आक्रमण रोकिए इरानले पनि आफ्नो रक्षात्मक कारबाही रोक्ने बताए । यसबीच, युद्धविराम घोषणा भएपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य १७ प्रतिशतभन्दा बढीले घटेको छ भने एसियाली सेयर बजारमा सुधार देखिएको छ ।
यद्यपि दीर्घकालीन समाधानका विषयमा अझै मतभेद कायम छन् ।
इरानले अमेरिकी प्रतिबन्ध हटाउने, होर्मुजमा आफ्नो प्रभुत्व स्वीकार गर्नुपर्ने र क्षेत्रबाट अमेरिकी सेना फिर्ता गर्नुपर्ने माग अघि सारेको छ । साथै, आफ्नो युरेनियम संवर्धन कार्यक्रमलाई मान्यता दिनुपर्ने अडान पनि दोहो¥याएको छ । ट्रम्पले भने कुनै पनि अन्तिम सम्झौतामा इरानको आणविक कार्यक्रम पूर्ण रूपमा नियन्त्रणमा ल्याइनुपर्ने बताउनुभएको छ । इरान आणविक हतियार नजिक पुगेको उहाँको दाबीलाई अन्तर्राष्ट्रिय निकायहरूले भने समर्थन गरेका छैनन् ।
यदि वार्ता असफल भयो भने के पुनः आक्रमणमा फर्किने भन्ने प्रश्नमा ट्रम्पले स्पष्ट जवाफ दिए, तर आवश्यक परे कठोर कदम चाल्न सकिने सङ्केत दिए । युद्धविरामअघि दुवै पक्षले व्यापक आक्रमण गरेका थिए ।
अमेरिका र इजरायलले इरानका पुल, रेलमार्ग र सैन्य पूर्वाधारमा प्रहार गरेका थिए भने इरानले खाडी क्षेत्रमा मिसाइल र ड्रोन आक्रमण गरी प्रतिकार गरेको थियो । यी आक्रमणहरूले क्षेत्रीय सुरक्षा अवस्थालाई गम्भीर रूपमा प्रभावित पारेको छ । कतार, बहराइन, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्समा विस्फोटका आवाज सुनिएको र केही स्थानमा घाइते भएको रिपोर्ट आएको छ । बगदादमा क्षेप्यास्त्र आक्रमणमा एक बालकसहित दुई सर्वसाधारणको मृत्यु भएको जनाइएको छ ।
युद्धको त्रास आम नागरिकमा गहिरो देखिएको छ । तेहरानकी एक विद्यार्थीले आफू र अन्य नागरिकहरू अत्यन्त डरमा बाँचिरहेको बताएकी छन् । यसबीच, इरानमा ऊर्जा संरचनाको सुरक्षाका लागि नागरिकहरूले मानव साङ्लो बनाएको दृश्य सार्वजनिक भएको छ । दुई हप्ताको यो अस्थायी विरामले तत्कालका लागि राहत दिएको भए पनि गहिरो राजनीतिक, सैन्य र आणविक विवाद समाधान नभएसम्म स्थायी शान्ति अझै टाढा रहेको विश्लेषण गरिएको छ । रासस

## सिँचाइ सुविधा विस्तारः

# व्यावसायिक खेतीमा संलग्न किसान लाभान्वित



**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–५ मा सिँचाइ सुविधा विस्तार हुन थालेपछि व्यावसायिक खेतीमा संलग्न किसान लाभान्वित भएका छन् । पछिल्लो तीन वर्षमा वडा कार्यालयले किसानको सिँचाइ समस्या समाधानका लागि ३० वटा स्यालो ट्युबवेल र दुई वटा अटोजन बोरिङ जडान गरेको छ । किसानलाई अनुदान रकम उपलब्ध गराएर ट्युबवेल र बोरिङ जडान गरिएको हो ।
सिँचाइ सुविधा विस्तार भएसँगै करिब २०० बिघा जमिनमा सिँचाइ पुगेको छ भने ३०० भन्दा बढी किसान लाभान्वित भएका छन् । वडाध्यक्ष चक्रबहादुर खड्काका अनुसार व्यावसायिक खेती गर्ने किसानलाई प्राथमिकतामा राखेर अनुदानमा सिँचाइका लागि स्यालो ट्युबवेल र अटोजन बोरिङ जडान गरिएको हो । किसानलाई तीनदेखि पाँच जनाको समूह बनाएर स्यालो ट्युबवेल उपलब्ध गराइएको उनले बताए । यसबाट व्यावसायिक तथा उन्नत जातको खेती गर्ने किसान बढी लाभान्वित भएका छन् ।
चालु आर्थिक वर्षमा किसानलाई थप १० वटा स्यालो ट्युबवेल र एक अटोजन बोरिङ जडान गर्ने कार्य अगाडि बढाइएको छ । यसका लागि वडा कार्यालयले रु चार लाख बजेट विनियोजन गरेको छ । गत वर्ष १० वटा स्यालो ट्युबवेल र एक अटोजन बोरिङ जडान गरिएको थियो भने त्यसअघिल्लो वर्ष १० वटा स्यालो ट्युबवेल जडान गरिएको थियो ।
प्राविधिक रूपमा एक स्यालो ट्युबवेलले करिब पाँच बिघा जमिनमा सिँचाइ सुविधा पुर्याउन सक्छ भने एक अटोजन बोरिङले ३० बिघाभन्दा बढी जमिनमा सिँचाइ सुविधा पुऱ्याउन सक्ने क्षमता रहेको छ । सिँचाइ सुविधा विस्तार भएसँगै किसानले आकासे पानीमा निर्भर रहनुपर्ने अवस्था कम हुँदै गएको छ ।
वडा–५ गर्जमुनिका किसान अंकली चौधरीले सिँचाइ सुविधा भएपछि खेती गर्न निकै सहज भएको बताए ।
"पहिले आकासे पानीकै भरमा खेती गर्नुपथ्र्यो, अहिले आवश्यकताअनुसार सिँचाइ गर्न पाइन्छ", उनले भने । वडा कार्यालयले सिँचाइ सुविधा विस्तारसँगै व्यावसायिक खेती, तरकारीखेती र बहुवाली खेती विस्तार हुने विश्वास लिएको छ । किसानको उत्पादन र आम्दानी वृद्धि गर्न आगामी वर्षहरूमा पनि सिँचाइ कार्यक्रमलाई प्राथमिकतामा राखिने वडा कार्यालयले जनाएको छ । रासस

# तनावबीच उत्तर कोरियाद्वारा पुनः क्षेप्यास्त्र प्रहार

**सियोल ।**
दक्षिण कोरियासँग सम्बन्ध सुधारको सम्भावनालाई नै अस्वीकार गर्दै उत्तर कोरियाले लगातार दोस्रो दिन समुद्रतर्फ छोटो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ । कूटनीतिक कटुता बढिरहेका बेला भएको यस कदमले कोरियाली प्रायद्वीपमा तनाव थप चर्किने संकेत दिएको छ । दक्षिण कोरियाको ज्वाइन्ट चिफ्स अफ स्टाफका अनुसार बुधबार उत्तर कोरियाको पूर्वी तटीय वोनसन क्षेत्रबाट प्रक्षेपित क्षेप्यास्त्रहरू करिब २४० किलोमिटर टाढासम्म उडेर पूर्वी जलक्षेत्रमा खसेका छन् ।
दक्षिण कोरियाले अमेरिकासँगको आफ्नो सुदृढ सैन्य गठबन्धनमार्फत यस्ता कुनै पनि उक्साहटको कडा प्रतिकार गर्न तयार रहेको स्पष्ट पारेको छ । यसअघि मंगलबार पनि उत्तर कोरियाले राजधानी आसपासबाट अज्ञात क्षेप्यास्त्र प्रक्षेपण गरेको दक्षिण कोरियाली सेनाले जनाएको थियो । उक्त प्रक्षेपणको विवरण दक्षिण कोरिया र अमेरिकी गुप्तचर निकायहरूले अझै विश्लेषण गरिरहेका छन् ।
दक्षिण कोरियाली सञ्चारमाध्यमहरूले सो क्षेप्यास्त्र प्रारम्भिक चरणमै असामान्य रूपमा हराएको र सम्भवतः असफल भएको उल्लेख गरेका छन् । यी लगातार प्रक्षेपणहरू उत्तर कोरियाले दक्षिण कोरियासँग सम्बन्ध सुधार्ने कुनै इच्छा नरहेको स्पष्ट पारेपछि भएका हुन् । दक्षिण कोरियाको वर्तमान सरकारले लामो समयदेखि संवाद पुनःस्थापना गर्ने प्रयास गर्दै आएको भए पनि प्योङयाङले त्यसलाई निरन्तर अस्वीकार गर्दै आएको छ ।



मंगलबार राति उत्तर कोरियाको विदेश मन्त्रालयका प्रथम उपमन्त्री जाङ कुम चोलले दक्षिण कोरियालाई 'सबैभन्दा शत्रुतापूर्ण राष्ट्र' को संज्ञा दिँदै कडा टिप्पणी गरे । उनले उत्तर कोरियाली नेता किम जोङ–उनकी बहिनी किम यो जोङले दिएको हालैको बयानलाई उद्धृत गर्दै दक्षिण कोरियालाई 'विश्वलाई चकित पार्ने मूर्ख' भन्दै उपहास गरे ।
यसअघि दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङले उत्तर कोरियामाथि गरिएको भनिएको नागरिक ड्रोन उडानप्रति खेद व्यक्त गरेका थिए । त्यसको जवाफमा किम यो जोङले उनको इमानदारीको प्रशंसा गरे पनि यस्ता गतिविधि दोहोरिए प्रतिकार गर्ने चेतावनी दिएका थिए । दक्षिण कोरियाली पक्षले उक्त प्रतिक्रियालाई सम्बन्ध सुधारतर्फ सानो संकेतका रूपमा व्याख्या गरेको थियो, तर त्यसलगत्तै आएका उत्तर कोरियाली कठोर अभिव्यक्तिले त्यो आशा कमजोर बनाएको छ ।
जाङ कुम चोलले आफ्नो टिप्पणीलाई चेतावनीका रूपमा प्रस्तुत गर्दै दक्षिण कोरियाले संयुक्त राष्ट्रसङ्घको मानव अधिकार प्रस्तावमा सह–प्रायोजन गरेको विषयमा पनि आलोचना गरे । उनले अपमानजनक शब्द प्रयोग गर्दै दक्षिण कोरियामाथि तीव्र असन्तुष्टि व्यक्त गरे । सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको वार्ता विफल भएपछि उत्तर कोरिया अमेरिका र दक्षिण कोरियासँग कूटनीतिक संवादबाट टाढिँदै आएको छ । त्यसपछि उसले आफ्नो आणविक तथा क्षेप्यास्त्र कार्यक्रमलाई तीव्र बनाएको छ ।
फेब्रुअरीमा सत्तारूढ वर्कर्स पार्टीको बैठकमा किम जोङ–उनले उक्साएमा दक्षिण कोरियालाई ध्वस्त पार्ने चेतावनी दिनुभएको थियो । यद्यपि उनले अमेरिकासँग वार्ताको ढोका भने पूर्ण रूपमा बन्द नगरेको संकेत दिए ।
हालै उत्तर कोरियाले ठोस इन्धन प्रयोग गर्ने उन्नत इन्जिन परीक्षण गरेको दाबी पनि गरेको छ, जसलाई उसले आफ्नो रणनीतिक सैन्य क्षमता विस्तार गर्ने महत्त्वपूर्ण उपलब्धि भनेको छ । यस्ता मिसाइलहरू तरल इन्धनयुक्त प्रणालीभन्दा छिटो तयारी गर्न सकिने र सजिलै लुकाउन सकिने भएकाले बढी खतरनाक मानिन्छन् ।
दक्षिण कोरियाको गुप्तचर निकायका अनुसार उक्त परीक्षण सम्भवतः बहु–आणविक वारहेड बोक्न सक्ने शक्तिशाली अन्तरमहाद्वीपीय ब्यालेस्टिक मिसाइल विकाससँग सम्बन्धित हुन सक्छ । यद्यपि विज्ञहरू उत्तर कोरियाले अझै पूर्ण रूपमा यस्तो प्रविधिमा महारत हासिल गरिसकेकोमा शंका व्यक्त गर्छन् ।
लगातार प्रक्षेपण, कडा वक्तव्य र सैन्य क्षमता विस्तारका सङ्केतहरूले उत्तर कोरिया र दक्षिण कोरियाबीचको दूरी झन् बढ्दै गएको देखिएको छ, जसले निकट भविष्यमा वार्ताको सम्भावना झन् कमजोर बनाएको छ । रासस

कम्पनी रजिष्ट्रार द.नं. १०८१/०६५/०६६

ने.रा.बैंक/इ.प्रा./घ/२६/०६९/०७०

# विजय लघुवित्त वित्तीय संस्था लि.
# Vijaya Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तर)

*Banking With Happiness*

केन्द्रीय कार्यालय : धुलिखेल ३, काभ्रेपलान्चोक

फोन नं : ०११-४९०६७१ / ०११-४९०६७२

E-mail: vlbs@vlbs.com.np

Website: https://vlbs.com.np

## कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/१२/२६ गते, मधेश दृष्टि, राष्ट्रिय दैनिक**

यस **विजय लघुवित्त वित्तीय संस्था लि.**को विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा र ब्याज रकम शर्त बमोजिम यस वित्तीय संस्थामा समयमै दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले कर्जा भुक्तान गर्ने बारे यो **३५ (पैंतीस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न/बुझाउनु पर्ने बाँकी ऋणको साँवा र ब्याज भुक्तान गर्नुहुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत सूचीत गरिन्छ । अन्यथा उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा यस वित्तीय संस्थाको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार यस वित्तीय संस्थाको लिन बाँकी रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही गर्न सकिने साथै ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचीकृत गरिने छ । धितो सुरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम कानुनी कारबाहीको प्रक्रिया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराउंदछौं ।

| क्र.स | ऋण लिएको शाखा | ऋणीहरुको नाम | ठेगाना | | नागरिकताको बिवरण | | | तिन पुस्ते विवण | | | जमानीकर्ताको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | हालको | ना. प्र. नं | जारी मिति | जिल्ला | पति/पत्नीको नाम | बाबुको नाम | बाजेको नाम/ससुराको नाम | |
| १ | बरियारपुर | छठिया देवी दुसाध | करैया-०६, बारा | करैयामाई गा.पा.-०३, बारा | ३१०३१/११३५४ | २०६५/११/१९ | बारा | राम एकवाल हजरा दुसाद | बमखोला हजार दुसाद | /भोला हजारा दुसाद | राम एकवाल हजरा दुसाद |
| २ | बरियारपुर | भोरिक हजरा दुसाद | हरैया-०९, बारा | करैयामाई गा.पा.-०३, बारा | २५२४/२३०० | २०६२/०३/१४ | बारा | सताउती देवी | तुलसी हजरा दुसाद | /शंकर हजरा | सताउती हजरा |
| ३ | बरियारपुर | सुगान्धी देवी केशरी | हरैया-०७, बारा | करैयामाई गा.पा.-०३, बारा | ३३३०५३/३३ | २०६३/१२/०१ | बारा | नथुनी प्रसाद केशरी | रामअयोध्या साह केशरी | /जमुना साह केशरी | रामबाबु प्रसाद केशरी |
| ४ | बरियारपुर | मकिन्द्र महरा चमार | हरैया-०८, बारा | करैयामाई गा.पा.-०३, बारा | ३३३०५३/३८५९ | २०६३/११/३० | बारा | छठिया देवी राम | बुटाई महरा चमार | देवराज महरा | छठिया देवी राम |
| ५ | बरियारपुर | रुना कुमारी | हरैया-०८, बारा | करैयामाई गा.पा.-०३, बारा | ३३-०१-७५-०५१७६ | २०७५/०५/२६ | बारा | राजिन्द्र राउत कहार | सकलदेव कमकर | /सुरुज राउत काहार | राजिन्द्र राउत कहार |
| ६ | बरियारपुर | बासमती देवी | पिप्राढी-०५, बारा | देवताल गा.पा.-०५, बारा | ३३१०६०/१७०२ | २०६६/०५/१४ | बारा | राजदेव महतो | धुरेन्द्र महतो | /ठगा महतो | राजदेव महतो |
| ७ | बरियारपुर | धनमन्ती देवी | पथरा-०५, बारा | बारागढी गा.पा.-०४, बारा | ३३३०१४/३८४० | २०६३/११/०३ | बारा | एकवाल हजरा | गरभु हजरा | /गणेश हजरा दुसाद | एकवाल हजरा |
| ८ | बरियारपुर | गायत्री देवी | बबुआईन-०३, बारा | महागढीमाई न.पा.-०४, बारा | ३३३०४४/५ | २०६३/१०/२५ | बारा | जगरनाथ राउत बरै | विशेषर राउत बरै | /जयनारायण राउत बरै | जगरनाथ राउत बरै |
| ९ | बरियारपुर | ललिता देवी | सुवर्ण गा.पा.-०३, बारा | सुवर्ण गा.पा.-०३, बारा | ३३-०१-७५-०७६५७ | २०७५/०८/२७ | बारा | सरोज प्रसाद यादव | गिरधारी प्रसाद यादव | /महेन्द्र राय यादव | सरोज प्रसाद यादव |
| १० | बरियारपुर | पुनम राउत कुर्मी | महागढीमाई न.पा.-०७, बारा | महागढीमाई न.पा.-०२, बारा | ३३-०१-७३-०२८८५ | २०७३/०३/०९ | बारा | अशोक रात कुर्मी | गेना राउत कुर्मी | /राम प्रवेश कुमार | अशोक राउत कुर्मी |
| ११ | बरियारपुर | देवपतिया कुमारी | गंजभवानीपुर-०१, बारा | महागढीमाई न.पा.-१०, बारा | ४९५/१२७७ | २०४५/०१/२७ | बारा | गोकुल साह कलवार | जादो लाल साह | /मटुक साह कानु | गोकुल साह कलवार |
| १२ | बरियारपुर | श्रीदेवी केवटीन | दहियार-०६, बारा | महागढीमाई न.पा.-०४, बारा | ३३३०३७/८ | २०७०/०१/१४ | बारा | रामनाथ महतो | शंकर महतो केवट | /मंगल महतो | रामनाथ महतो |
| १३ | बरियारपुर | कान्ती देवी | पिप्रविर्ता-०३, बारा | महागढीमाई न.पा.-०९, बारा | ३३-०१-७३-०२६९१ | २०७३/०३/०५ | बारा | गौरी शंकर बैठा धोवी | सोगरनाथ बैठा धोवी | /कैलास बैठा धोवी | गौरीशंकर बैठा धोवी |
| १४ | बरियारपुर | सोयादा खातुन | उमजन-०८, बारा | करैयामाई गा.पा.-०७, बारा | ३३३०२७/१६८९ | २०६३/११/०१ | बारा | दिल महमद मिया | मंसुर मिया अंसारी | /नथुनी मिया | दिल महमद मिया |
| १५ | बरियारपुर | लालमतिया कुमारी | विर्ती प्रस्टोका-०५, रौतहटा | करैयामाई गा.पा.-०७, बारा | २६९७/११७१/९१८ | २०४६/०३/०१ | बारा | सुखल हजरा | वंगाली हजरा | /रामदेव हजरा दुसाद | सुखल हजरा |
| १६ | बरियारपुर | एतवरिया देवी पासवान | उमजन-०८, बारा | करैयामाई गा.पा.-०७, बारा | ३३३०२७/१७१३ | २०६३/११/०१ | बारा | सरुप हजरा | भगत हजरा | /नन्दलाल पासवान | रविन्द्र पासवान |
| १७ | बरियारपुर | रमाशंकर मुखिया विन | दहियार-०३, बारा | महागढीमाई न.पा.-०४, बारा | २५०३/२२९७ | २०५९/०५/२० | बारा | कृष्णावती देवी विन | जोगेन्द्र मुखिया वीन | /कलम मुखिया वीन | कृष्णावती देवी वीन |
| १८ | बरियारपुर | राजमती देवी | दोहरी-०६, बारा | कलैया उ.मा.न.पा-१५, बारा | ३३१०५७/३४९५ | २०६८/१०/१२ | बारा | राजेशवर ठाकुर | चनरदेव ठाकुर | /नरसिंह ठाकुर | राजेशवर ठाकुर |
| १९ | बरियारपुर | जानमहमद मिया बरै | पिपरपाती जब्दी-०६, बारा | देवताल गा.पा.-०७, बारा | ३३१०६१/८२९६ | २०६५/०४/२६ | बारा | नसिमा खातुन | संसुदिन मिया | मफुर मिया | नसिमा खातुन |
| २० | बरियारपुर | जुगा साह गोढ | पिपरपाती जब्दी-०५, बारा | देवताल गा.पा.-०७, बारा | २२५/१४५४ | २०४६/०३/०३ | बारा | सुगान्धी देवी गोढीन | राम चन्द्र साह गोढ | /जमुना साह गोढ | सुगान्धी देवी गोढीन |
| २१ | बरियारपुर | सुदमिया देवी | पिपरपाती-०४, बारा | देवताल गा.पा.-०७, बारा | १२३१/१४६० | २०४६/०९/१० | बारा | रजिन्दर सहनी मलाह | लङ्गड सहनी | /विकाउ सहनी मलाह | रजिन्दर सहनी मलाह |
| २२ | बरियारपुर | हेवन्ती देवी | पिपरपाती जब्दी-०४, बारा | देवताल गा.पा.-०७, बारा | ३३३०६१/२० | २०६३/११/२२ | बारा | सत्यनारायण सहनी मलाह | भागरित सहनी | /अकलु सहनी मलाह | चन्दन कुमार सहनी |
| २३ | बरियारपुर | प्रमसिला देवी | पिपरपाती जब्दी-०४, बारा | देवताल गा.पा.-०७, बारा | ३३१०६१/३१८२६ | २०६९/०९/२७ | बारा | भिखारी महतो कहार | धेनुख महतो कहार | /चन्द किशोर महतो कहार | भिखारी महतो कहार |
| २४ | बरियारपुर | कलावती देवी | देवताल गा.पा.-०७, बारा | देवताल गा.पा.-०७, बारा | ३३-०१-७५-०५२५३ | २०७५/०५/२८ | बारा | सुरेश महतो | रामधारी महतो | /साहेव महतो धानुक | सुरेश महतो |
| २५ | बरियारपुर | खविला खातुन | पिपरपाती जब्दी-०६, बारा | देवताल गा.पा.-०७, बारा | ३३३०६१/३० | २०६२/११/२३ | बारा | मोटर मिया बढई | राजाक मिया बढई | /सफुर मिया बढै | मोटर मिया बढई |
| २६ | बरियारपुर | रेहाना खातुन | पिपरपाती जब्दी-०६, बारा | देवताल गा.पा.-०७, बारा | ३३३०६१/१४ | २०६३/११/२२ | बारा | नवि रसुल बढई | समसदिन मिया बढई | /गफुर मिया बढई | नवि रसुल बढई |
| २७ | बरियारपुर | नन्द किशोर साह | गंजभवानीपुर-०२, बारा | महागढीमाई न.पा.-१०, बारा | २२६/०५५४ | २०४५/०१/२५ | बारा | मंजु देवी गुप्ता | राम बृक्ष साह कानु | /जोगिन्द्र प्रसाद गुप्ता | मंजु देवी गुप्ता |
| २८ | बरियारपुर | मन्जु देवी गुप्ता | गंजभवानीपुर-०२, बारा | महागढीमाई न.पा.-१०, बारा | ३३-०१-७२-०७१९६ | २०७२/१२/१४ | बारा | नन्दकिशोर साह | जोगिन्द्र प्रसाद गुप्ता | /राम बृक्ष साह कानु | नन्दकिशोर साह |
| २९ | बरियारपुर | सकिना खातुन | गंजभवानीपुर-०७, बारा | महागढीमाई न.पा.-१०, बारा | ३३३०३३/६८२ | २०६३/१०/१३ | बारा | कलिमुल्लाह मिया | नबी मिया | /मंसुर मिया अंसारी | कलिमुल्लाह मिया |
| ३० | बरियारपुर | प्रमिला देवी सुढी | गंजभवानीपुर-०६, बारा | महागढीमाई न.पा.-१०, बारा | ३३-०१-७२-०७३५९ | २०७२/१२/१६ | बारा | सुर्य नारायण प्रसाद सुढी | गोपाल साह सुढी | /राजाराम साह सुढी | सुर्यनारायण प्रसाद सुढी |
| ३१ | बरियारपुर | हसिना खातुन | उमजन-०८, बारा | करैयामाई गा.पा.-०७, बारा | ३३१०२७/५८५७ | २०६७/०४/२७ | बारा | मोजाहिर अंसारी | इसहाक मिया | /राजमहमद अंसारी | मोजाहिर अंसारी |
| ३२ | बरियारपुर | सविता देवी | कबही जब्दी-०५, बारा | महागढीमाई न.पा.-०८, बारा | ३३३०३०/११०९ | २०६३/१०/१३ | बारा | दुखा प्रसाद चौरसिया | हिरदा राउत बरै | /शिव राउत बरै | दुखा प्रसाद चौरसिया |
| ३३ | बरियारपुर | लालबु नेसा खातुन | कबही जब्दी-०६, बारा | महागढीमाई न.पा.-०८, बारा | ३३३०३०/११२१ | २०६३/१०/१३ | बारा | सलिम देवान | आयुव हुसेन | /मुख्तार देवान | सलिम देवान |
| ३४ | बरियारपुर | मान्ती देवी तेली | नरही-०२, बारा | करैयामाई गा.पा.-०८, बारा | ३३३०३८/२९८ | २०६३/११/२८ | बारा | मन्त्री साह तेली | मदन साह तेली | /किसान साह तेली | मन्त्री साह तेली |
| ३५ | बरियारपुर | रेखा देवी चौधरी | नरही-०२, बारा | करैयामाई गा.पा.-०८, बारा | ३३३०३८/८५ | २०६३/११/२६ | बारा | दिपक चौधरी | प्रेम बंढा थारु | /राम सहाय चौधरी | दिपक चौधरी |
| ३६ | बरियारपुर | जिववा हजरा | तेतरीया-०९, बारा | महागढीमाई न.पा.-५, बारा | १५०२/१६४६ | २०४५/०२/२४ | बारा | पल्टी देवी | देवकी हजरा दुसाद | महिन्द्र हजरा | पल्टी देवी |
| ३७ | बरियारपुर | पल्टी देवी | तेतरीया-०९, बारा | महागढीमाई न.पा.-५, बारा | ३३१०३७/३२५५० | २०६९/१०/२४ | बारा | जिववा हजरा | महिन्द्र हजरा | /देवकी हजरा दुसाद | जिववा हजरा |
| ३८ | बरियारपुर | दिप्नी देवी | दहियार-०५, बारा | महागढीमाई न.पा.-०४, बारा | २६४४/५९७ | २०४५/०२/१५ | बारा | सुरज साह सोनार | हिरा सा सोनार | /ठागा सा सोनार | सुरज साह सोनार |
| ३९ | निजगढ | सुनिता कुमारी लामा | निजगढ-८, बारा | निजगढ-८, बारा | ३३३०११/२३३६ | २०६३/१०/१४ | बारा | बारा प्रमोद श्रेष्ठ | तिर्थ बहादुर लामा | /पूर्ण बहादुर श्रेष्ठ | शुभद्र कुमारि लामा |
| ४० | निजगढ | सानु बाबु तमाङ | निजगढ-९, बारा | निजगढ-९, बारा | ३३२०११/३४०७७ | २०६८/१०/२३ | बारा | ओम कुमारी राई | सानो कान्छा स्याङतान तमाङ | बहादुर सिह लामा | ज्ञानु माया तमाङ्ग |
| ४१ | निजगढ | मनिला गौतम | निजगढ-८, बारा | निजगढ-८, बारा | ३३३०११/२४१६ | २०६३/१०/१६ | वारा | भुवन भण्डारी | पदम बहादुर गौतम | /पूर्ण बहादुर भण्डारी | भुवन भण्डारी |
| ४२ | निजगढ | लक्ष्मी डोल्मा लामा | रतनपुर-८, सिन्धुली | निजगढ-७, बारा | २७६१/१२८०६ | २०४२/२/९ | सिन्धुली | ध्यान बहादुर घिसिङ्ग | जित बहादुर लामा | /बिचार सिह तमाङ्ग | छयौ मया तमाङनी |
| ४३ | निजगढ | भागेश्वरी देवी | लक्ष्मीनिया-६, रौतहट | फतुवा विजयपुर-११, बारा | १२३५ | २०५८/१/११ | रौतहट | शिउ धारी | सौखी चौधरी | /सरदुल खा | शिउ धारी |
| ४४ | निजगढ | फुल कुमारी माझी | भ. जितपुर -७, बारा | गुजरा ना.पा-३, रौतहट | ३३३०७९/७०९ | २०६३/११/१९ | वारा | देव राज माझी | रितलाल माझी मुसहर | /हरि माझी | देव राज माझी |
| ४५ | डुमरीया | तपीया कुमारी राउत | औरैया-४, रौतहट | औरैया-४, रौतहट | १६४२ | २०५५/०९/०७ | रौतहट | शम्भु राउत कुर्मी | हरी राउत कुर्मी | /विशुनदेव राउत कुर्मी | रुपेश कुमार पटेल |
| ४६ | डुमरीया | कोशिला देवी | राजपुर-५, रौतहट | राजपुर-५, रौतहट | ३२-०१-७५-००४२० | २०७५/०१/२३ | रौतहट | रम्भु प्रसाद साह | जयमंगल साह | /भिखारी साह कलवार | रम्भु प्रसाद साह |
| ४७ | डुमरीया | जरीना खातुन | राजपुर-५, रौतहट | राजपुर-५, रौतहट | ३२-०१-७६-०२८११ | २०७६/०३/१६ | रौतहट | मैनुल्लाह मंसुरी | अब्दुल सतार नदाव | /मन्जुर मिया मंसुरी | मनुल्लाह मंसुरी |
| ४८ | डुमरीया | शहिमा खातुन | जटहारा-५, रौतहट | जटहारा-५, रौतहट | ३२१०३३/९१५ | २०६८/०१/२८ | रौतहट | शेख सलिम | शेख सफिउल्लाह | /शेख अमिरुल | शेख सलिम |
| ४९ | पिपराबजार | सरिता देवी | दिपही-४, रौतहट | माधब नारायण -१, रौतहट | ३२-०१-७२-०१२१८ | २०७२/०२/२८ | रौतहट | सिकिन्दर महत्तो | देवधरी महत्तो | /अमरजित महत्तो | श्यामबाबु साह |
| ५० | पिपराबजार | सुनिता कुमारी | दिपही-३, रौतहट | माधब नारायण -१, रौतहट | ३२३०१३/५३ | २०७०/०२/२१ | रौतहट | बृजमोहन प्रसाद साह | शंकर साह | /रामेवश्र साह कलवार | सिकिन्द्र प्रसाद साह |
| ५१ | पिपराबजार | तेतरी देवी | दिपही-५, रौतहट | माधब नारायण -१, रौतहट | १४६/०१३ | २०६५/०१/०३ | रौतहट | बलि महरा | महबिर महरा | /सरयुग महरा | बलि महरा |
| ५२ | पिपराबजार | रेखा कुमारी चौधौरी | दिपही-३, रौतहट | माधब नारायण -१, रौतहट | ३२-०१-६९-०७२९१ | २०६९/१०/०२ | रौतहट | श्याम बाबु साह | किशोर चौधरी | /ढागा साह कलवार | श्याम बाबु साह |
| ५३ | पिपराबजार | नगिना देवी | दिपही-५, रौतहट | माधब नारायण -१, रौतहट | १२६/०७५ | २०६४/०१/०३ | रौतहट | जंगीलाल महरा | नागेन्द्र महरा | /बुधन महरा | जंगीलाल महरा |
| ५४ | पिपराबजार | मान्ती देवी | दिपही-४, रौतहट | माधब नारायण -१, रौतहट | ३४७/०१३ | २०६४/०१/०९ | रौतहट | दिनेश महत्तो | वैजनाथ महत्तो | /पाचु महत्तो कदार | दिनेश महत्तो |
| ५५ | सिसौटिया | सुनिता देवी | गा.वि.स.गडहिया-७, सर्लाही | बलरा न.पा.-०८, गडहिया, सर्लाही | १९३०१५/१०५ | २०६३/१२/१४ | सर्लाही | विनोद राउत | उपेन्द्र राउत | /सरमन राउत | विनोद राउत |
| ५६ | सिसौटिया | गुलाम मंसुर | गोडैता-५, सर्लाही | गोडैता न.पा.-०५, रामवन, सर्लाही | १९-०१-७८-१५६१५ | २०७८/११/०३ | सर्लाही | हसुद तारा | हदिस मियाँ | भँन्नु मियाँ | आसमा खातुन |
| ५७ | सिसौटिया | मुदनी खातुन | मिर्जापुर-०५, सर्लाही | गोडैता न.पा.-०५, रामवन, सर्लाही | ६०४२१९५८ | २०५१/०२/१० | सर्लाही | जमुन मियाँ | ठागा मियाँ | /फाजी मियाँ | जमुन मियाँ |
| ५८ | सिसौटिया | सहाना खातुन | रामवन-५, सर्लाही | गोडैता न.पा.-०५, रामवन, सर्लाही | १९३०१६/१६ | २०७०/०१/२६ | सर्लाही | तसिर मंसुर | नसीव महमद मंसुर | /ढागा मियाँ | तसीर मंसुर |
| ५९ | सिसौटिया | रौजन खातुन | रामवन-५, सर्लाही | गोडैता न.पा.-०५, रामवन, सर्लाही | १९-०१-७६-०१५५५ | २०७६/०१/२३ | सर्लाही | कलम हुसेन मंसुर | रहमान मियाँ मंसुर | /सकुर मियाँ धुनिया | कलम हुसेन मंसुर |
| ६० | सिसौटिया | आसमा खातुन | रामवन-५, सर्लाही | गोडैता न.पा.-०५, रामवन, सर्लाही | १९-०१-७४-१११०८ | २०७४/११/१० | सर्लाही | हदिस मियाँ | नुर महमद मंसुर | /भँन्नु मियाँ | हदिस मियाँ |
| ६१ | सिसौटिया | रुकसाना खातुन | रामवन-५, सर्लाही | गोडैता न.पा.-०५, रामवन, सर्लाही | १९-०१-७८-१२८४५ | २०७८/०९/१९ | सर्लाही | अन्सारुल मंसुर | निसुरदिन मंसुरी | /अलि अकवर मियाँ | अन्सारुल मंसुर |
| ६२ | सिसौटिया | सिता देवी चौधरी कलवार | सिसौटिया-७, सर्लाही | गोडैता न.पा.-१०, सिसौटिया, सर्लाही | १९-०१-७२-००९७४ | २०७२/०२/१३ | सर्लाही | संजय कुमार चौधरी | विशाल चौधरी | /हुलास चौधरी | संजय कुमार चौधरी |
| ६३ | सिसौटिया | संजित कुमार ठाकुर | बकैनिया-०५, सर्लाही | गोडैता न.पा.-०९, बकैनिया, सर्लाही | १९-०१-७६-०९४३६ | २०७६/०७/२८ | सर्लाही | उर्मिला कुमारी | बिगु ठाकुर | सुनर ठाकुर | उर्मिला कुमारी |
| ६४ | सिसौटिया | पुकारी देवी | धनकौल-०७, सर्लाही | गोडैता न.पा.-०९, बकैनिया, सर्लाही | १९३०२४/१३६ | २०६३/११/१५ | सर्लाही | किशोरी सहनी | फकिरा सहनी | /हिता सहनी | बच्चेलाल सहनी |
| ६५ | सिसौटिया | प्रमिला कुमारी | बकैनिया-०५, सर्लाही | गोडैता न.पा.-०९, बकैनिया, सर्लाही | १९-०१-७८-०४३४३ | २०७८/०५/२७ | सर्लाही | सुवोध सहनी | जलेसर सहनी | /बुधु सहनी | सुवोध सहनी |
| ६६ | सिसौटिया | सैमुन खातुन | रामवन-५, सर्लाही | गोडैता न.पा.-०५, रामवन, सर्लाही | १९३०१६/५३६ | २०६३/१०/११ | सर्लाही | तसरिम मियाँ | हुसेनी मंसुर | /सब्दुल मियाँ | तसरिम मियाँ |

# धुलो नियन्त्रणको माग गर्दै तोपा बजारमा स्थानीयद्वारा सडक अवरुद्ध



मधेशदृष्टि
जनकपुरधाम।
सप्तरीको राजविराज–भारदह सडकखण्डअन्तर्गत तोपा बजार क्षेत्रमा बुधबार स्थानीयवासीले सडक अवरुद्ध गरेका छन् । निर्माणाधीन सडकबाट अत्यधिक धुलो उड्दा दैनिक जीवन प्रभावित भएको भन्दै उनीहरू विरोधमा उत्रिएका हुन्।
स्थानीयका अनुसार चैतको सुख्खा मौसम र तीव्र हावाहुरीका कारण सडक क्षेत्रमा धुलोको समस्या झन् बढेको छ। नियमित रूपमा पानी नछर्किँदा अवस्था असह्य बन्दै गएको उनीहरूको गुनासो छ। यस सडकखण्डमा दैनिक सयौं माइक्रोबससहित अन्य सवारी सञ्चालन हुने भएकाले यात्रु, चालक तथा पैदलयात्री सबैले सास्ती खेप्नुपरेको बताइएको छ।
धुलोका कारण वातावरण प्रदूषण मात्र होइन, स्वास्थ्यमा समेत नकारात्मक असर परेको स्थानीयले बताएका छन् । यही समस्याको समाधानको माग गर्दै उनीहरूले सडक अवरुद्ध गरी निर्माण कम्पनीसँग तुरुन्तै धुलो नियन्त्रणका उपाय अपनाउन, विशेषगरी नियमित पानी छर्कने व्यवस्था गर्न माग गरेका छन्।
स्थानीयवासीले सडक डिभिजन कार्यालय लहानप्रति पनि असन्तुष्टि जनाउँदै समयमै अनुगमन र पहल नहुँदा समस्या जटिल बन्दै गएको बताएका छन्।
सडक निर्माणका लागि २०७९ असार २३ गते साह इन्जिनियरिङ कन्स्ट्रक्सन प्रालिसँग करिब २५ करोड ७१ लाख रुपैयाँमा दुई वर्षभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको थियो । तर, निर्धारित समय सकिँदासमेत सडक निर्माण पूरा हुन नसक्दा सर्वसाधारणले निरन्तर सास्ती भोगिरहेका छन्।

# ठूला सिँचाइ आयोजना अलपत्र छाड्दैनौँः मन्त्री



**काठमाडौँ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले ठूला सिँचाइ आयोजना अलपत्र अवस्थामा नछाड्ने बताएका छन्।
७३औँ सिँचाइ दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले सिक्टा, भेरी–बबई, रानी जमरा कुलरिया र सुनकोशी–मरिनजस्ता सिँचाइ आयोजनालाई अब अलपत्र नछाड्ने बताएका हुन्।
मन्त्री श्रेष्ठले सुनकोशी–मरिन आयोजनाको पुनःखरिद प्रक्रिया ९० दिनभित्र सम्पन्न गर्ने तयारी भइरहेको जानकारी दिँदै भेरी–बबई आयोजना दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य लिइएको स्पष्ट पारे।
उनले गण्डक, नारायणी, बागमती, सुनसरी–मोरङजस्ता ठूला सिँचाइ प्रणालीको मर्मत, पुनःस्थापना र व्यवस्थापकीय सुधारलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गरे। 'ठूला आयोजना सम्पन्न गर्ने क्रममा वास्तविक अवरोध कहाँ छन्, त्यसको जानकारी दिनुहोस् हामी समाधानको प्रयास गर्नेछौँ,' उनले भने। मन्त्री श्रेष्ठले कर्मचारीसँग रहेको प्राविधिक ज्ञान कुनै नीतिगत दस्तावेजले प्रतिस्थापन गर्न नसक्ने भएकाले कर्मचारीलाई निर्देशनको पालना गराउने मात्रै होइन आफूले साझेदारी गर्न चाहेको उल्लेख गरे। आगामी दिनमा सिँचाइ खेतमा पानी पु–याउने माध्यमका रूपमा मात्र नहेरेर पानीलाई ऊर्जा, खाद्य सुरक्षा, वातावरण र जीविकोपार्जनलाई जोड्ने गरी एकीकृत प्रणालीको व्यवस्था गरिने मन्त्री श्रेष्ठको भनाइ थियो।
उनले तल्लो तटीय फाइदा, बाढी नियन्त्रण, नदी किनारमा बस्ने समुदायलाई के–कस्ता लाभ पु्¥याउन सकिन्छ भन्ने विषयलाई पनि मन्त्रालयको नीतिमा समावेश गरिएको बताए।

# सरकारले बढायो गाडीभाडा

**काठमाडौँ।**
सरकारले सार्वजनिक सवारी र मालवाहक सवारीसाधनको भाडा समायोजन गर्न सहमति दिएको छ।
इन्धनको मूल्य बढेपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यातायात व्यवस्था विभागलाई सार्वजनिक यातायातको भाडा बढाउन सहमति दिएको हो।
इन्धनको मूल्य बढेसँगै पटकपटक नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले सार्वजनिक र मालवाहक सवारीसाधनको भाडा समायोजन गर्न माग गर्दै आएको थियो।
यातायात व्यवस्था विभागका सूचना अधिकारी गणेशमान सिंह राईले भाडा समायोजनका विषयमा मन्त्रालयबाट स्वीकृत प्राप्त भएकाले सहमतिका आधारमा भाडा समायोजन गरिएको बताए। विभागले विभिन्न १३ सूचकलाई आधार मानेर भाडा बढाएको हो।
नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले महासङ्घको अनुरोधमा बुधबार सरकारले सार्वजनिक र मालवाहक सवारी साधनको भाडा समायोजन गरेको जानकारी दिए।
सरकारले यात्रुवाहक सवारीको १६.७१ प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारी साधनका लागि २१.६८ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने सवारी साधनको १५.७५ प्रतिशत भाडा समायोजन गरेको वरिष्ठ उपाध्यक्ष सिटौलाको भनाइ छ।
नयाँ भाडादर कार्यान्वयनमा आएसँगै सर्वसाधारणको दैनिक यात्रा र उपभोग्य वस्तुको मूल्यमा प्रभाव पर्न सक्ने देखिएको छ । रासस

# हरिखेतानमा राय क्याम्पस प्रमुख



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित हरिखेतान बहुमुखी क्याम्पसको क्याम्पस प्रमुखमा पुन किशोरी रायले जिम्मेवारी पाएका छन्। क्याम्पसले निलम्बन फुकुवा गरेसँगै बुधबारदेखि रायले क्याम्पस प्रमुखको जिम्मेवारी सम्हालेका हुन्।
२०८१ माघ २ गतेदेखि हरिखेतानका क्याम्पस प्रमुख रायलाई क्याम्पस सञ्चालक समितिले निलम्बन गरेको थियो। क्याम्पसको आर्थिक मामिलासँग सम्बन्धित विषयमा गोप्य उजुरी परेको भन्दै छानबिनका लागि रायलाई निलम्बन गरी रविन्द्र कुमार यादवलाई निमित्त क्याम्पस प्रमुखको कार्यभार दिइएको थियो। निलम्बनको १४ महिनापछि छानबिन सकिएको भन्दै क्याम्पस सञ्चालक समितिले रायको निलम्बन्न फुकुवा गरेको हो । यसबीच हरिखेतानमा विद्यार्थी आन्दोलनदेखि शिक्षक, कर्मचारी, प्रध्यापक आन्दोलनसमेत भए । अब सबै समस्या र असन्तुष्टि समेट्दै व्यवस्थित किसिमले अगाडि बढ्ने र शैक्षिक वातावरणलाई सुदृढ गरिने क्याम्पस प्रमुख रायलेबताए।

# आकर्षक बन्दै 'लोकतान्त्रिक चौर'



**मधेशदृष्टि**
**हेटौँडा।**
बागमती प्रदेशको राजधानी हेटौँडा उपमहानगरपालिका ४ नं. वडामा रहेको लोकतान्त्रिक चौर(हुप्र) लाई सुविधा सम्पन्न र आकर्षक चौरको रूपमा विकास गरिने भएको छ। करिब ३ करोड रुपैयाँ बजेट व्यवस्थापन गरी चौरलाई बागमती प्रदेशकै खुला नमूना चौरको रूपमा विकास गर्न खोजिएको हेटौँडाकी नगर प्रमुख मिनाकुमारी लामाले बताइन्।
उनले हेटौँडा नगरलाई महिला मैत्री सहर निर्माण परियोजना अन्तरगत चौरको मास्टर प्लान बनाउने कार्य अन्तिम चरणमा पुगेको र मास्टर प्लान बनेसंगै निर्माण कार्यको लागि बोलपत्र आव्हान गरिने बताइन्। महिला मैत्री सहर निर्माण परियोजना र अन्य श्रोतबाट बजेटको व्यवस्थापन समेत गरिने उनले बताइन्।
हेटौँडा ४ नं. वडा अध्यक्ष नवीन सिग्देलले चौरलाई फुटबल, भलिबल र क्रिकेट खेल मैदानलाई थप व्यवस्थित बनाइने, खुल्ला जीम मर्मत र थप गर्ने, बालबालिका खेल्ने, जेष्ठ नागरिकको लागि विशेष स्थलको व्यवस्था गर्ने, विभिन्न स्थान बस्ने र आराम गर्ने स्थान बनाईने, गेट र मञ्च थप सुविधाजनक र आकर्षक बनाइने बताए।
उनले यसअघि सार्वजनिक शौचालय, हिँड्ने ट्र्याक, भलिवल कोर्ट निर्माण गरिएको र क्रिकेट केज बनाउने कार्य जारी रहेको बताए। वडा कार्यालयको व्यवस्थापनमा मर्मत र नियमित सरसफाइ गरिँदै आएको चौरमा हालै ४ वटा हाई मास्ट जडान गरी रातमा पनि चौर क्षेत्र उज्ज्यालो बनाउने व्यवस्था गरिएको छ । चौरलाई महिला, बालबालिका, अपाङ्ग र खेलमैत्री बनाउन विशेष ध्यान दिइएको वडा अध्यक्ष सिग्देलको जानकारी दिए।

# सनराइज होटलमा प्रहरीको छापा, दुई जना पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको जनकपुरधाम उपमहानगरपालिका वडा न ९ पिरारी चोकस्थित सनराइज होटलमा प्रहरीले छापा मारेर अनैतिक गतिविधिमा संलग्न रहेको आरोपमा दुई जोडीलाई पक्राउ गरेको छ ।
प्रहरी स्रोतका अनुसार होटलमा लामो समयदेखि यौन कार्य सञ्चालन भइरहेको गोप्य सूचनाका आधारमा छापा मारिएको हो । छापामारी कारबाहीक्रममा आपत्तिजनक अवस्थामा रहेका दुई जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

# सातै प्रदेशमा वर्षा, बिहीबारसम्म प्रभाव रहने

**काठमाडौँ ।**
नेपालमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभावका कारण देशका सातै प्रदेशमा बदली भई ती प्रदेशका विभिन्न जिल्लामा अहिले वर्षा भइरहेको छ ।
जल तथा मौसम विज्ञान विभागका अनुसार बिहान पश्चिम नेपालबाट सुरु भएको वर्षा पूर्वी नेपालसम्म फैलिएको छ । वर्षाका कारण चिसो बढेको छ भने कतैकतै जनजीवन प्रभावित भएको छ । उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात पनि भएको छ ।
विभागमा बुधबार साँझ प्राप्त अभिलेखअनुसार केही जिल्लामा भारीउन्मुख वर्षा भएको छ ।
साँझ पौने ७ बजेको मापनअनुसार आज पछिल्लो १२ घण्टामा सबैभन्दा बढी वर्षा डडेलधुरामा ४६.६ मिलिमिटर र डोटीमा ४२.२ मिलिमिटर वर्षा भएको छ । यो भारीउन्मुख वर्षा हो । यस्तै काठमाडौंमा १३, ललितपुरमा १२ र भक्तपुरमा ८ मिलिमिटर वर्षा भएको छ ।
पछिल्लो ३ घण्टामै डडेलधुरामा ३० मिलिमिटर वर्षा भइसकेको छ । यस्तै धनकुटामा १५ मिलिमिटर, सुर्खेतमा १९, डोटीमा १३, गोरखामा ११, मिलिमिटर वर्षा भएको छ । अहिले पनि धेरै जिल्लामा वर्षा जारी छ ।
विभागका सूचना अधिकारी दिनकर कायस्थका अनुसार बदली भोलि पनि कायम रहने र ठाउँ ठाउँमा वर्षा हुने जनाइएको छ । बिहीबार रातिदेखि भने बदली कमजोर हुँदै जाने विभागले जनाएको छ ।
बिहीबार कोशी प्रदेशलगायत देशको पहाडी र हिमाली भू–भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू–भागमा आंशिक बादल लाग्ने र कोशी प्रदेशलगायत देशका पहाडी तथा हिमाली भूभागका केही स्थानहरूमा तथा मधेश प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन–चट्याङसहित मध्यम वर्षा–हिमपातको सम्भावना रहेको जनाइएको छ । रासस

# देउवाद्वारा सम्पत्तिबारेमा झुटो प्रचारबाजी गरिएको गुनासो



**काठमाडौँ।**
नेपाली कांग्रेसका निवर्तमान सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले आफू र आफ्नो परिवारका बारेमा सम्पत्तिसम्बन्धी विषयमा भ्रामक र झुटो प्रचारबाजी भएको जानकारी गराएका छन्।
उनले सामाजिक सञ्जाल फेसबुकमार्फत आफू र आफ्नो परिवारका बारेमा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान सुरु गरिएको भन्ने जानकारी सञ्चारमाध्यमबाट थाहा पाएको उल्लेख गर्दै नेपालको कानुनअनुसार आफूहरूले सार्वजनिक पदमा रहँदा सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेस गरेको अवगत गराएका छन्।
'देशमा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना, विधिको शासन, स्वतन्त्र न्यायापालिका, पारदर्शीतासँगै राज्यका अङ्गहरू स्वतन्त्र र सक्षम हुनुपर्दछ भन्ने मान्यताका लागि मैले सिङ्गो जीवन सङ्घर्षमै व्यथित गरेको हुँ,' उनले उल्लेख गरेका छन् । पूर्वप्रधानमन्त्री देउवाले आफ्नो जीवन एउटा खुला पुस्तकका रूपमा रहेको उल्लेख गर्दै भ्रष्टाचारमुक्त समाज निर्माण गर्दै सुशासन र पारदर्शीता कायम गर्न आफू गृहमन्त्री हुँदा आफ्नै अग्रसरतामा २०४८ सालमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन र आफ्नै प्रधानमन्त्रीत्व कार्यकालमा भ्रष्टाचार निवारण ऐन २०५९ लागू भएको बताएका छन्।
'स्वास्थ्य उपचारका निम्ति हाल हामी विदेशमा छौँ र अझै उपचारको क्रम जारी रहेको जानकारी गराउन चाहन्छु,' उनले उल्लेख गरेका छन्, 'वास्तविकता समयक्रमसँगै खुल्दै जाने नै छ । अतिरञ्जना गरी सार्वजिनक भएका विवरणबाट भ्रममा नपर्न सबैमा आग्रह गर्दछु।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन